# नगर शिक्षा: नीति तथा योजना

**कमलामाई नगरपालिका,**

**सिन्धुली, बागमती प्रदेश, नेपाल**

**२०७६**

**परिमार्जन: २०७८**

**नगर शिक्षा योजना निर्माण समितिका पदाधिकारी**

कमलामाई नगरपालिकाको....................... को.................... मितिमा स्वीकृत नगर शिक्षा योजना

नगर शिक्षा योजना निर्माण समितिका पदाधिकारीहरुः

१. श्री खड्गबहादुर खत्री - संयोजक (नगरप्रमुख, कमलामाई नगरपालिका, सिन्धुली)

२. श्री शिवप्रसाद सापकोटा - सदस्य (DLPIU, प्रमुख सिन्धुली)

३. डा. हरिप्रसाद पोखरेल - सदस्य (शिक्षक, कमला मा.वि ढुंग्रेवास, सिन्धुली)

४. श्री चेतप्रसाद तिमल्सिना - सदस्य (शिक्षक, गौमति मावि माढी बजार, सिन्धुली)

५. श्री रामहरि ढुंगेल - सदस्य (वडा अध्यक्ष तथा सामाजिक विकास संयोजक, कनपा, सिन्धुली)

६. श्री सवीता कोइराला - सदस्य (सदस्य, नगर शिक्षा समिति, कनपा, सिन्धुली)

७. श्री विजय तामाङ - सदस्य (सदस्य, नगरशिक्षा समिति, कनापा, सिन्धुली )

८. श्री माणीक ढकाल (सदस्य, विद्यालय व्यवस्थापन समिति , सिन्धुली)

९. श्री शंकरराज लुइटेल- सदस्य सचिव (नगर शिक्षा अधिकारी, कनपा, सिन्धुली )

**आमन्त्रित सदस्यहरुः**

श्री मञ्जु देवकोटा - उप प्रमुख, कमलामाई नगरपालिका सिन्धुली

श्री हितकुमारी पौडेल - शाखा अधिकृत, कनपा, शिक्षा शाखा सिन्धुली

श्री मन्दिरा न्यौपाने - प्लान इन्टरनेश्नल नेपाल, जनकपुर

श्री प्रमोद तिमल्सिना- कार्यक्रम संयोजक Hands नेपाल, सिन्धुली

**लेखन/सम्पादन**

शंकरराज लुईटेल डा.हरिप्रसाद पोखरेल

जगतबहादुर आलेमगर दीपक कुमार बुढाथोकी

**साझेदार संस्थाः**

प्लान इन्टरनेश्नल नेपाल, सिन्धुली, नेपाल रेडक्रस सोसाइटी, जिल्ला शाखा, सिन्धुली, हेन्ड्स नेपाल, सिन्धुली

सर्वाधिकारः

कमलामाई नगरपालिका, सिन्धुली

२०७६

# विषय सूची


प्राक्थन ........ 3

खण्ड : एक ........ 5

१ पृष्ठभूमिः ........ 5

२. विगतको प्रयासहरुः ........ 6

३. वर्तमान अवस्था ........ 6

कमलामाई नगरपालिकामा संचालित विद्यालय विवरणः ........ 7

विद्यार्थी विवरण ........ 9

शिक्षक विद्यार्थी अनुपात ........ 10

४ . मुख्य समस्या तथा चुनौतीः ........ 11

चुनौती ........ 11

५. शिक्षा नीति तथा योजनाको आवश्यक्ताः ........ 12

६. दूरदृष्टिः ........ 12

७. लक्ष्यः ........ 13

८. उद्देश्यः ........ 13

खण्ड: दुई ........ 14

नीति तथा कार्यनीति ........ 14

खण्ड: तीन ........ 23

खण्ड : चार ........ 38

नीति तथा योजना कार्यान्वयन ........ 38

संस्थागत व्यवस्थाः ........ 40

आर्थिक पक्षः ........ 40

कानुनी पक्षः ........ 40

अनुगमन तथा मूल्याङ्कनः ........ 40

जोखिम र जोखिम व्यवस्थापनः ........ 41

नीति परिमार्जन सम्बन्धी व्यवस्थाः ........ 42

सन्दर्भ सामग्री ........ 43

अनुसुची १ ........ 44

**प्राक्थन**

शिक्षा विकास र सम्वृद्धिको मूल आधार हो । शिक्षा र संस्कारविनाको नागरिक अहिलेको २१ औं शताब्दी सापेक्ष हुनै सक्दैन । शिक्षा सवै प्रकृतिको विकास र उन्नतिको आधारशीला पनि हो । शिक्षालाई सभ्यता र सम्मुनतिको मार्गको रुपमा पनि हेर्ने गरिन्छ । तर, शिक्षाको माध्यमबाट सिकारुमा सीप, सिर्जना र जागरण पैदा गर्न सकिएन भने यस्तो शिक्षाले सार्थक जीवनयापनमा खासै सहयोग गर्न पनि सक्दैन । यस अर्थमा पनि गुणस्तरीय शिक्षाको माध्यमले सिकारुमा श्रममैत्री भावनाको विकास गराउँदै सिर्जना र उत्पादनसंग जोड्न जरुरी हुन्छ । यसको लागि गुणस्तरीय शिक्षक, गुणस्तरीय शैक्षिक वातावरण र गुणस्तरीय अध्ययन सामग्रीको आवश्यकता पर्दछ । गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने यी अवयवहरुको व्यवस्थापन गर्ने कार्य पक्कै पनि सजिलो छैन तथापी सवैको सहयोग र सहकार्यबाट हामीले शैक्षिक उन्नययनको यात्रा पुरा गर्न सक्नेछौ ।

माध्यमिक तहसम्मको शिक्षाको अधिकार संविधानतः स्थानीय तहको अधिकार क्षेत्रभित्र रहेको पृष्ठभूमिमा गुणस्तरीय शिक्षाको विकास, ब्यवस्थापन र सञ्चालनमा स्थानीय तह गम्भिर हुन आवश्यक छ । हामी स्थानीय तहमा जनप्रतिनिधिको रुपमा निर्वाचित भएर आइसकेपछि कमलामाई नगरपालिकाभित्रको शैक्षिक रुपान्तरणको लागि के गर्न सकिन्छ भनेर पटक पटक सरोकारवालाहरुसंग सार्थक सम्बाद, बहस र छलफल गर्दै आइरहेका छौं । लामो छलफल, विचारहरु आदानप्रदान, अनुभवहरु साटासाट, चुनौति र सम्भावनाहरुको विश्लेषण जस्ता क्रियाकलापबाट नगरको शैक्षिक विकासमा अव ढिला गर्न हुदैन भन्ने हाम्रो ठम्याइ छ । यसै सन्दर्भमा गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने सम्पूर्ण नागरिकको अधिकारको सुनिश्चितता गर्न कमलामाई नगरपालिकाले नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गर्दैछ । नगरको शिक्षा स्तरमा सुधारका लागि हामीले नगर शिक्षक अनुदान, नगर शिक्षा सहजकर्ता बालविकास अनुदान, नगर नमुना विद्यालय, आवासीय विद्यालय निर्माण, शिक्षक / प्रअ प्रोत्साहन कार्यक्रम, शिक्षक तालिम लगायत विविध कार्यक्रमहरुका लागि बजेट विनियोजन भएको छ । कमलामाई नगरपालिकाको शिक्षा सम्बन्धी नीति तथा कार्यक्रम, बजेट, प्रतिवद्धता आदि समेतलाई समेटेर तयार पारिएको यस शिक्षा नीति तथा योजनाले नगरको शैक्षिक विकासमा विशेष योगदान दिने कुरामा म विश्वस्त छु ।

कमलामाई नगरपालिकाको नगर शिक्षा योजना निर्माण सम्पन्न भई पालिकाभित्रको शैक्षिक क्रियाकलापहरुलाई  योजनावद्धरुपमा प्रगतिपथमा अगाडि बढाउन मार्गनिर्देशनका रुपमा यो योजना प्राप्त भएको सुखद उपलक्ष्यमा म सम्पूर्ण योजना निर्माण समितिका पदाधिकारी ज्यूहरुलाई हार्दिक बधाइ दिन चाहान्छु । नगर शिक्षा योजना निर्माणमा सहयोग गर्नुहुने वडा अध्यक्ष ज्यूहरु, नगर कार्यापालिकाका सदस्य ज्यूहरु, नगर शिक्षा अधिकारी ज्यू,

शिक्षकका प्रतिनिधिमूलक संगठनका प्रमुख/ प्रतिनिधी ज्यूहरु, प्रधानाध्यापक ज्यूहरु, विब्यसका पदाधिकारी ज्यूहरु लगायत सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु । नगर शिक्षा योजना निर्माणका लागि विशेष सहयोग गर्ने साझेदार संस्थाहरु प्लान इन्टरनेशनल नेपाल र नेपाल रेडक्रस सोसाइटी सिन्धुली जिल्ला शाखा, मानव तथा राष्ट्रिय विकास समाज हेण्डस नेपाल सिन्धुली लाई विशेष धन्यवाद दिदै योजनाको कार्यान्वयनमा सबैको सहयोग प्राप्त हुने अपेक्षा राख्दछु । धन्यवाद ।

खड्गबहादुर खत्री

नगर प्रमुख तथा नगर शिक्षा योजना निर्माण संयोजक

कमलामाई नगरपालिका, सिन्धुली

**खण्ड : एक**

**१ पृष्ठभूमिः**

शिक्षा समग्र विकासको आधारशीला हो । मुलुकको सर्वाङ्गीण विकास एवम् प्रगतिको पूर्वाधारमात्र नभएर मुख्य आधार पनि हो । समाज सापेक्ष शिक्षा कि शिक्षा सापेक्ष समाज भन्ने कुरा बहसको विषय हुन सक्ला । तर, व्यवहारिक, वैज्ञानिक एवम् सीपमूलक शिक्षाले समाजलाई बदल्न सक्छ । समाजलाई उन्नतशील बनाउन सहयोग गर्छ । सभ्य समाज निर्माणमा मद्दत गर्छ र समतामूलक समाज निर्माणमा सहयोगी बन्छ । ती देशहरुनै विकास र समृद्धिको सिढी चढ्न सफल छन् जसले शिक्षामा समुचित लगानी गरी यसलाई मुख्य प्राथमिकतामा राखेका छन् । शिक्षाको गुणस्तरीयताले समाजको प्रगति र उन्नययनमा सकारात्मक भूमिका खेल्ने कुरामा भने दुईमत हुन नसक्ला । गुणस्तरीय र व्यवहारिक शिक्षाले सीप, सिर्जना र रोजगारीको सम्भावनालाई बढाउँछ । सभ्यता र संस्कार सिकाउँछ । आपसी सद्भाव र मेलमिलापको संस्कृति विकास गर्छ । समाज र देशको लागि योगदान दिन सक्छ । सारमा समृद्धिको बाटो पहिल्याउन सघाउँछ । शिक्षाको योजनाबद्ध एवम् प्रणालीगत विकासको लागि सवै सरोकारवालाहरुको सक्रिय सहभागिता आवश्यक रहन्छ । शिक्षा प्रणालीलाई समयसापेक्ष बनाउदै देशको सम्मुन्नति र प्रगतिको निर्देशक सिद्धान्तको रुपमा स्वीकारिएको वर्तमान परिवेशमा शैक्षिक गतिविधिलाई योजनाबद्धरुपमा सञ्चालन गर्न स्पष्ट नीति र त्यसको प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ ।

नेपालको समग्र सामुदायिक विद्यालयहरुको अवस्थामा अपेक्षाकृत सुधार ल्याउन अरु मिहेनत गर्न आवश्यक छ । कमलामाई नगरपालिकाको शैक्षिक अवस्था पनि थुप्रै समस्या र अफ्ठ्यारोमा जेलिएको देखिन्छ । अर्थात नयाँ योजनाका साथ नयाँ प्रयास र प्रयत्न नगरी समग्र शैक्षिक सुधार गरी अभिभावकको विश्वास आर्जन गर्न कठीन छ । सोही सन्दर्भमा कमलामाई नगरपालिकाले समग्र शिक्षा क्षेत्रलाई ब्यवस्थित र योजनाबद्ध रुपमा अगाडि बढाउने योजना अनुरुप एकीकृत शिक्षा निती तथा योजना निर्माण गरी शैक्षिक क्षेत्रलाई व्यवस्थित बनाउने र अपेक्षित सुधार गर्ने उद्देश्यले यो योजना बनाएको हो । नेपालको संविधान २०७२ को अनुसूची ८ मा विद्यालय शिक्षाको अधिकार स्थानीय तहमा रहेको कुरालाई स्पष्ट पारिसकेको छ । यसै गरी स्थानीय सरकार सञ्चालन निर्देशिका २०७४ ले पनि स्थानीय तहका विद्यालय शिक्षा सम्बन्धी २३ ओटा कार्य क्षेत्र तोकेको छ । नेपालको वर्तमान संविधान २०७२, स्थानीय सरकार सञ्चालन निर्देशिका २०७४, दिगो विकास लक्ष्य नम्बर ४, राष्ट्रिय शिक्षा नीति, २०७६, पन्ध्रौ पञ्चवर्षीय योजना, विद्यालय क्षेत्र विकास कार्यक्रम, नेपालले अन्तराष्ट्रिय क्षेत्रमा गरेको शिक्षा सम्बन्धी प्रतिवद्धता, समावेशी शिक्षाको विश्वब्यापी मान्यता, निःशूल्क र अनिवार्य आधारभूत शिक्षा तथा निःशूल्क माध्यमिक शिक्षाले निर्देश गरेबमोजिम तथा कमलामाई नगरपालिकाको विशिष्ट अवस्थाको जगमा टेकेर यो शिक्षा नीति र योजना तयार गरिएको छ । कमलामाई नगरपालिकाको नीति तथा कार्यक्रमको जगमा शिक्षाको दूरदृष्टि, लक्ष्य, उद्देश्य, प्राथमिकता, रणनीति तथा कार्यनीति समेतलाई समेटेर शिक्षा क्षेत्रको मार्गदर्शक सिद्धान्तको रुपमा यो शिक्षा नीति तथा योजना तयार गरिएको हो ।

## २. विगतको प्रयासहरुः

केन्द्रीकृत शासन व्यवस्थामा समग्र मुलुककै शिक्षाको विकास र सञ्चालनको जिम्मा खासगरी केन्द्रीय निकाय र यसका संरचनाहरूमा निहित थियो । समग्र शिक्षाको विकास लागि विगतमा थुप्रै कार्यक्रम, आयोजना र अभियानहरू सञ्चालन गरिए । शिक्षा सुधारका लागि भएका विभिन्न प्रयासहरुले शिक्षाको पहुँच विस्तारमा उल्लेखनीय प्रगति भयो । शिक्षाको गुणस्तरीय विकासमा पनि केही सहयोग पुऱ्याएको अनुभूत गर्न सकिन्छ । सामुदायिक शिक्षाप्रति अभिभावकको विश्वास क्रमश गुम्दै गइरहेको देखिन्छ । कतिपय प्रयासहरु स्थानीय तहबाट भइरहेको देखिन्छ । सिकाइ उपलब्धी बृद्धिका लागि पनि शिक्षक तालिम, प्रअ ब्यवस्थापन, अभिभावक शिक्षा जस्ता कार्यक्रमहरु पनि सञ्चालन हुदै आएको छ । स्थानीय समुदाय, अभिभावक र स्थानीय सरकारको सहभागितामा शिक्षाको सञ्चालन र व्यवस्थापन गरी यसलाई अझ व्यवस्थित, प्रभावकारी बनाउँदै शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी सबैका लागि गुणस्तरीय शिक्षाको प्रत्याभूती गराउनु आवश्यक छ ।

कमलामाई नगरपालिकाले पनि पालिकाको शैक्षिक विकासलाई योजनाबद्ध रुपमा अगाडि बढाउन नगर शिक्षा ऐनको निर्माण, शिक्षा नियमावली निर्माण, एकिकृत नगर शिक्षा नीती तथा योजना निर्माणको काम सम्पन्न गरी सोही बमोजिम शैक्षिक कार्यक्रमहरु पनि अगाडि बढाउन प्रयासरत छ । शैक्षिक सत्र २०७७ देखि लागू हुने गरी स्थानीय पाठ्यक्रम निर्माण भएको छ । नगरपालिका क्षेत्रमा एउटै शैक्षिक क्यालेन्डर निर्माण गरी सोही बमोजिम शैक्षिक क्रियाकलापमहरुलाई ब्यवस्थित गर्ने प्रयास पनि भइरहेको छ । शिक्षकको पेसागत तालिम, शिक्षक प्रोत्साहनका कार्यक्रमहरु पनि सञ्चालित छन् । शैक्षिक गुणस्तर बृद्धिका लागि शून्य दरवन्दी भएका माध्यमिक तथा निम्नमाधयमिक विद्यालयहरुमा विषयगत नगर शिक्षक दरवन्दीको ब्यवस्था तथा नगर नमूना विद्यालयको लागि समेत आर्थिक वर्ष २०७६।७७ मा बजेट विनियोजन गरिएको छ । प्रारम्भिक बालविकास शिक्षालाई ब्यवस्थित गर्न मापदण्ड अनुरुपको कक्षाकोठा व्यवस्थापनका कार्यक्रमहरू पनि सञ्चालनमा ल्याइएको छ । नगर नमूना विद्यालय, आवासीय विद्यालय स्थापना गरी गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यको सुरुवात भइसकेको छ । आर्थिक अभाव तथा पारिवारिक संरक्षण नपाएका नगर क्षेत्र भित्रका बालबालिकाहरुको शैक्षिक सुनिश्चितताका लागि आवासीय विद्यालयको सघाउने विश्वास लिइएको छ । नगरपालिका भित्रका शैक्षिक संस्था तथा शैक्षिक क्रियाकलापहरूलाई योजनाबद्धरुपमा व्यवस्थित तवरले सञ्चालन गर्न मार्गदर्शक सिद्धान्तको रुपमा शिक्षा नीति तथा योजनाको निर्माण गरी सो का आधारमा कमलामाई नगरपालिकाको शिक्षालाई प्रभावकारी र गुणस्तरीय बनाउने प्रयास गरिएको छ ।

## ३. वर्तमान अवस्था

कमलामाई नगरपालिकामा पाँचओटा क्याम्पसहरुमा उच्च शिक्षाको अध्ययन अध्यापन हुने गर्छ । आठ ओटा प्राविधिक धारका शैक्षिक संस्थाले प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरिरहेका छन् भने चार ओटा सामुदायिक केन्द्रहरू मार्फत आजीवन सिकाइ सक्षरता तथा अनौपचारिक शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन भइरहेका छन् । नगरपालिका क्षेत्रमा एउटा माध्यमकि तह कक्षा १० सम्मको खुला विद्यालय पनि

सञ्चालनमा रहेको छ । नगरपालिकामा ८४ ओटा सामुदायिक विद्यालय र २३ ओटा निजी विद्यालयहरु रहेका छन् । प्राथमिक तहमा शिक्षक दरवन्दी पर्याप्त भएपनि साविक उमावि, मावि र निमाविको विषयगत शिक्षकको व्यवस्थापन हुन सकेको छैन । कमलामाई नगरपालिकाले मावि तहमा ५ ओटा, निमावि तहमा, १३ ओटा तथा बालविकास सकाको रुपमा १४ ओटा नगर शिक्षक अनुदानको व्यवस्था गरी शिक्षक अभावलाई केही कम गर्ने प्रयास गरेको छ । नगरपालिकामा ३ जना नगर शिक्षा सहजकर्ता नियुक्त गरीएको छ । नगर शिक्षा सहजकर्ताहरु खासगरी नगरपालिकाका विद्यालयहरुमा आवश्यक प्राविधिक सहयोग तथा अनुगमन र सुपरीवेक्षणमा सहयोग उपलब्ध गराउने कार्यमा संलग्न भइरहेका छन् । विगतका प्रयासहरूले सामुदायिक विद्यालयमा अभिभावकको विश्वास हासिल गर्न सकिएको छैन । शिक्षाको गुणस्तर सुधार सडक बनाए जस्तो, भवन र मन्दिर निर्माण गरेजस्तो वा अन्य भौतिक विकास गरेजस्तो सजिलो त पक्कै छैन । शिक्षामा गरिएको लगानीबाट तुरुन्त प्रतिफल पनि देखिदैन । यसले प्रतिफल दिन समय लाग्छ । शिक्षालाई त्यसैले पनि भविष्यको लगानी भनिएको हो । नगरपालिका क्षेत्रको सिकाइ उपलब्धी भने निराशाजनक रहेको छ । सिकाइ सुधार एउटा आधार हो र यससँगै अन्तरसम्बन्धित हुने अन्य पक्षको योजनावद्ध विकासका लागि गरिएको यो प्रयासले सार्थकता पाउन यसको प्रभावकारी कार्यान्वयनको अपेक्षा स्वभाविक मान्न सकिन्छ । विद्यार्थीको सिकाइ स्तर अभिवृद्दि गर्न सूचना तथा संचार प्रविधि, STEAM Education र STEAM Pedagogy सम्बन्धी तालिमहरु सञ्चालन गरी शिक्षकको क्षमता अभिवृद्दि गर्ने कार्य पनि थालिएको छ ।

**कमलामाई नगरपालिकामा संचालित विद्यालय विवरणः**

| क्र सं | संचालित तह | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | प्रा वि | ४९ | ५ | |
| २ | नि मा वि | ९ | २ | |
| ३ | माध्यमिक | २६ | १६ | |
| | जम्मा | ८४ | २३ | |

*Source IEMIS कमलामाई नगरपालिका २०७७*




समग्रमा कमलामाई नगरपालिकाका माध्यमिक तथा आधारभूत तहका सामुदायिक विद्यालयहरुमा विषयगत शिक्षक दरवन्दीको अभाव रहेको छ। नगरपालिकाको प्रयासमा केही विषयगत अनुदानले शैक्षिक सुधारमा केही प्रगति हुने अपेक्षा गर्न सकिने आधार पनि देखिएको छ। प्राथमिक तहमा पर्याप्त दरवन्दी भएपनि यसलाई न्यायोचित वितरण र व्यवस्थापन गर्न सकिएको छैन। शैक्षिक सुधारको मुख्य मापदण्ड भनेको विद्यार्थीहरुको सिकाइ उपलब्धी नै हो तर यसमा आसातीत प्रगति हुन सकेको छैन। नगरपालिकाले सम्पूर्ण शैक्षिक सरोकारवालाहरुको सार्थक सहभागितामा तयार गरेको यस नगर शिक्षा नीति तथा योजनाले कमलामाई नगरपालिकाको योजनाबद्ध शैक्षिक विकासमा सहयोग पुग्न सकेमात्र यसको महत्व कायम रहने छ। यसको प्रभावकारी कार्यान्वयनमा सबैले सहकार्य गरी योजना बनाउनको लागिमात्र नभएर सुधार्नको लागि हो भन्ने रुपमा स्वीकार्नुपर्ने हुन्छ।

**विद्यार्थी विवरण**

| क सं | संचालित तह | सामुदायिक विद्यालय | | | संस्थागत विद्यालय | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | |
| १ | बालकक्षा | ५२३ | ५५२ | १०७५ | ६२८ | ७७४ | १४०२ |
| २ | आधारभूत (१-५) | २२७२ | २१२४ | ४३९६ | १५४७ | २१५६ | ३७०३ |
| ३ | आधारभूत (६-८) | १६५६ | १५३८ | ३१९४ | ६३६ | ९५९ | १५९५ |
| ४ | माध्यमिक (९-१०) | १२२२ | १०७७ | २२९९ | ३३४ | ४७१ | ८०५ |
| ५ | माध्यमिक (११-१२) | ११६१ | ८५७ | २०१८ | २५ | ५४ | ७९ |
| जम्मा | | ६८३४ | ६१४८ | १२९८२ | ३१७० | ४४१४ | ७५८४ |




(*स्रोत : IEMIS २०७७*)

माथिको विद्यार्थी तथ्यांकले प्रत्येक सामुदायिक विद्यालयको हरेक तहमा छात्रा संख्या बढि भएको देखाउँछ। त्यसैगरि संस्थागत विद्यालयमा छात्र विद्यार्थी संख्या बढि भएको देखिन्छ। तर, कक्षा पुरा गर्ने दर, विद्यालयमा

टिकाइराख्ने दर र उत्तीर्ण दरमा छात्रा संख्या बृद्धि गर्न र अपांगता भएका बालबालिकाहरुलाई विद्यालयको सहज पहुँचको सुनिरिश्चतता गर्न नगरपालिकाले विशेष योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । सामजिक न्याय र समावेशीताको जगमा छात्रामैत्री शौचालय, छात्रामैत्री कक्षाकोठा र शिक्षण, अपांगतामैत्री विद्यालय भवन, कक्षाकोठा र सिकाई वातावरण, स्यानेटरी प्याडसहितको छात्रा शौचालय, विद्यालयमा खानेपानी सुविधा, पुस्तकालय, विषयगत ल्याबको निर्माण जस्ता कुराहरुमा पनि ध्यान दिन आवश्यक देखिएको छ ।

**शिक्षक विद्यार्थी अनुपात**

| सि.नं. | संचालित तह | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|
| १ | आधारभूत (१-५) | १:२४ | |
| २ | आधारभूत (६-८) | १:३८ | |
| ३ | माध्यमिक (९-१०) | १:२० | |
| ४ | माध्यमिक (११-१२) | १:३९ | |

माथिको तालिकामा उल्लेख भएको तथ्यांक हेर्दा विद्यार्थी–शिक्षक अनुपात सरकारी मापदण्डभन्दा पनि कम छ । अर्थात प्राथमिक तहमा १ जना शिक्षक बरावर २४ जना विद्यार्थी मात्र रहेको छ । विद्यार्थी संख्यामा उल्लेख्य बृद्धि गर्न नसकेको प्राथमिक तहको दरवन्दी जोगाउन नसकिने अवस्था छ । भौगोलिक विविधता र वसोबासको असमान वितरणले पनि विद्यालयहरुलाई पुनरमिलान गर्न समस्या देखिन्छ । तर, योजनाबद्ध रुपमा आवश्यकता र सम्भावनाको कसीमा बैज्ञानिक नक्शांकनको आधारमा यो कार्य गर्न सकिन्छ । बालबालिकाहरुले सहज रुपमा बालमैत्री विद्यालय वातावरणमा पढ्न पाउन भन्ने उद्देश्यले कमलामाई नगरपालिकाले साविक ७१ ओटा बालविकास सहजकर्तालाई कायमै गर्दै नगरपालिकाको स्वीकृत बार्षिक बजेटबाट आर्थिक वर्ष २०७६।७७ मा १४ ओटा बालविकास सहजकर्ताको व्यवस्थापन गरेको सन्दर्भमा बालविकास केन्द्रको स्तरोन्नतिमा पनि विशेष ध्यान दिएको देखिन्छ ।

समग्रमा नगरभित्रको सामुदायिक र निजी विद्यालयका कक्षा ८ र एस.ई.ई. तह कक्षा १० को नतिजा विश्लेषण गर्दा कक्षा ८ को सिकाई उपलब्धी सन्तोषजनक देखिए पनि कक्षा १० को सिकाइ उपलब्धी कमजोर देखिन्छ । साठी प्रतिशत भन्दा धैरै विद्यार्थीको जिपिए २.४ भन्दा तल रहेको छ । निजी विद्यालयको सिकाइ उपलब्धी सन्तोषजनक भएपनि सामुदायिक विद्यालयको सिकाइ उपलब्धी सुधार गर्न आवश्यक देखिन्छ । साक्षरता प्रतिशत ९५ तथा विद्यार्थी टिकाउको अवस्थामा पनि सुधार गर्नुपर्ने जरुरी देखिन्छ । सिकारुको सिकाइ उपलब्धी लब्धाङ्क पत्र (Grade Sheet) मा मात्र होइन उनीहरुको व्यवहारिक जीवनमा प्रतिविम्बन हुनुपर्छ भन्ने मान्यताको जगमा सिप, सिर्जना र उत्पादन बढाउने तथा आवश्यक व्यवहारकुशल सीपको विकासमा

समेत समुचित ध्यान दिन जरुरी भएकोले सो सम्बन्धी नीति तथा योजना र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड दिन आवश्यक छ ।

**४ . मुख्य समस्या तथा चुनौतीः**

हरेक विद्यालयका आ-आफ्नै प्रकारका समस्याहरु रहेका छन् । समग्रमा केही समस्याहरु सबैका साझा समस्याका रुपमा रहेका छन् र केही समस्या विद्यालगत फरक-फरक पनि छन् । समग्रमा नगरपालिका क्षेत्रका शैक्षिक समस्याहरु निम्न रहेका छन् ।

- विद्यालय उमेरका सबै बालबालिकाको भर्ना र टिकाउ गर्न नसक्नु,
- कमजोर सिकाइ स्तर तथा उपलब्धि,
- शिक्षक दरबन्दीको असमान वितरण तथा अभाव (विषयगत तथा न्यूनतम)
- शैक्षिक सामग्री, पुस्तकालय, प्रयोगशाला, प्रविधिको न्यून उपलब्धता,
- सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, उमेर अनुकूल फर्निचर, खानेपानी, शौचालय, घेरावारा जस्ता भौतिक समस्याहरु,
- योग्यता दक्षता र जेष्ठयताका आधारमा दक्ष प्रधानध्यापकको व्यवस्थापन गर्न नसक्नु ।
- शिक्षण सिकाइ क्रियाकलाप र कक्षाकोठामा सुधार ल्याउन नसक्नु,
- तालिमका सिपहरुलाई कक्षाकोठामा प्रभावकारी कार्यान्वयन नहुनु।
- शिक्षण विधिमा नवीनतम पद्धितिको प्रयोग नहुँदा सिकाइ सुधार नहुनु
- सामुदायिक र निजीबीचको सिकाइस्तरमा देखिएको ठूलो भिन्नताले अभिभावकको आर्कषण सामुदायिक विद्यालयमा कम हुनु ।

**चुनौती**

- अभिभावकको विश्वास जितेर सामुदायिक विद्यालयमा विद्यार्थी भर्नादर बृद्धी गर्नु ।
- सिकाइ उपलब्धिमा सुधार गर्नु ।
- न्यूनतम विषयगत शिक्षक व्यवस्थापन ।
- विद्यालय व्यवस्थापन र सुशासन कायम ।
- कक्षाकोठाको सिकाइमा सुधार तथा परीक्षा प्रणालीमा सुधार ।
- नियमित विद्यालयको शैक्षिक तथा प्रशासनिक अनुगमन तथा निरीक्षण ।
- सरोकारवालाहररुमा जिम्मेवार बोध ।

- वैकल्पिक सिकाइ सहजिकरणको व्यवस्थापन।

**५. शिक्षा नीति तथा योजनाको आवश्यक्ताः**

कमलामाई नगरपालिकाको समग्र शिक्षालाई योजनावद्धरुपमा संचालन गर्दै शैक्षिक सुधार क्रियाशिल रहन यो शिक्षा नीतिको आवश्यकता परेको हो। शिक्षा नीतिको थप आवश्यकतालाई निम्नबूँदामा समेटिएको छः

- कमलामाई नगरपालिका क्षेत्रभित्रका कुनै पनि विद्यालय उमेर समूहका बालबालिकाहरुले आर्थिक विपन्नता या अन्य कुनै कारणले शिक्षा पाउने अधिकारबाट बञ्चित हुनुपर्ने अवस्था रहने छैन भन्ने कुरालाई व्यवहारमा उतार्न,
- समावेशी, लैंगिक सम–विकास तथा सामाजिक न्यायको मान्यताको जगमा नगरपालिकामा विद्यालयीय शिक्षाको सहज पहुँचको प्रत्याभूति गराउन,
- कमलामाई नगर क्षेत्रभित्रका विद्यालय उमेर समूहका सवै वालवालिकाहरुलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्न,
- निरक्षरलाई साक्षर बनाउन तथा आवश्यकताको आधारमा आजीवन शिक्षाको प्रत्याभूत गराउन,
- प्रभावकारी र गुणस्तरीय शिक्षाको जग तयार गर्दै श्रममैत्री, उत्पादनमूखी तथा गरिखाने नागरिक तयार गर्न,
- शैक्षिक समस्या पहिचान गर्न र समस्याको योजनाबद्ध तवरले हल गर्ने क्षमता अभिवृद्धि गर्न,
- गुणस्तरीय शिक्षाको माध्यमले ज्ञानलाई सीपमा, सीपलाई उत्पादनमा र उत्पादनलाई सम्बृद्धिमा जोड्न,
- क्रमशः सूचना र प्रविधिको पहुँच विस्तार गर्दै सुविधासम्पन्न भौतिक संरचना निर्माण गरी भयरहीत रुपमा विद्यालयलाई शान्ति क्षेत्र र ज्ञान, सीप र अभिवृत्ति हासिल गर्ने विश्वसनीय संस्थाको रुपमा विकास गर्न।
- वातावरणीय परिवर्तन र विपदजन्य अवस्थावाट विद्यालयक्षेत्रमा हुन सक्ने सम्भावित जोखिम न्यूनिकरण गर्न।
- STEAM Education र STEAM Pedagogy को माध्यमले सिकाइलाइ एकिकृत ज्ञान, सीप प्रदान गर्न र आलोचनात्मक चेत विकास गर्न।

**६. दूरदृष्टिः**

"संस्कारयुक्त, नैतिकवान, शिक्षित जनशक्ति, सीपयुक्त र प्रविधिसँग परिचित विद्यार्थी कमलामाईको समृद्धि"

**७. लक्ष्यः**

सीपयुक्त प्रविधि परिचित, ज्ञान सीप र प्रतिक्रिया दक्ष विद्यार्थी उत्पादन गरी रोजगारी, स्वरोजगार सिर्जना गर्न सक्ने स्वावलम्बी, नागरिक उत्पादन गर्न स्रोत व्यवस्थापन, प्राथमिकता निर्धारण, क्षमता विकास, अनुगमन मूल्याङकन र सहयोग प्रदान गरी शैक्षिक गुणस्तरमा अब्बल पालिकाको रुपमा कमलामाई नगरपालिकालाई विकास गर्ने ।

**८. उद्देश्यः**

यस नगर शिक्षा नीतिले मुख्य गरी पहुँच सुनिश्चित गर्दै गुणस्तर सुधारमा प्राथमिकता  दिने उद्देश्य राखेको छ । यसका लागि शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार निर्माण, विद्यालयको अनुगमन तथा मूल्याङ्कन र सुपरीवेक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरी सामुदायिक विद्यालयमा गुणस्तरीय शिक्षाको सुनिश्चत गरीनेछ । यसमार्फत अभिभावकको विश्वास आर्जन गरी निजी र सामुदायबीचको गुणस्तरको खाडल कम गरिनेछ ।

- विद्यालय उमेर समूहका बालबालिकाहरुले आर्थिक विपन्नता या अन्य कुनै कारणले शिक्षा पाउने अधिकारबाट बञ्चित हुनुपर्ने अवस्थाको अन्त्य गर्नु,
- समावेशी, लैंगिक समविकास तथा सामाजिक न्यायको मान्यताको जगमा नगरपालिकामा विद्यालयीय शिक्षाको सहज पहुँचको प्रत्याभूति दिलाउनु,
- नगर क्षेत्रभित्रका विद्यालय उमेर समूहका सवै वालवालिकाहरुलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता गर्नु,
- प्रभावकारी र गुणस्तरीय शिक्षाको जग तयार गर्दै श्रममैत्री, उत्पादनमूखी तथा अनुशासित, नैतिकवान नागरिक तयार गर्नु,
- गुणस्तरीय शिक्षाको माध्यमले ज्ञानलाई सीपमा, सीपलाई उत्पादनमा र उत्पादनलाई सम्बृद्धिमा जोड्न सक्षमता हासिल गराउनु,
- सूचना र प्रविधिको पहुँच तथा सुविधासम्पन्न भौतिक संरचना निर्माण गरी भयरहीत रुपमा विद्यालयलाई शान्ति क्षेत्र र ज्ञान,सीप र अभिवृत्ति हासिल गर्ने विश्वसनीय संस्थाको रुपमा विकास गर्नु ।
- STEAM Education र STEAM Pedagogy द्वारा गुणस्तरीय व्यवहारिक शिक्षा र व्यवहारकुशल सिप विकास गर्नु ।
- विद्यालय तहको प्राविधिक धारमा छात्रा विद्यार्थीहरुको पहुँच वृद्धि तथा सुनिश्चित गर्न ।

**खण्ड: दुई**

**नीति तथा कार्यनीति**

यस परिच्छेदमा योजनाका विभिन्न क्रियाकलाप , नीति तथा कार्यनीति र प्राथमिकताहरुलाई विभिन्न शीर्षक , उपशीर्षकहरुमा तथा कार्ययोजनाको रुपमा तालिकाहरुमा प्रस्तुत गरिनेछ।

**(क) विद्यालय उमेरका बालबालिकाको पहुँच सुनिश्चित गर्दै आधारभूत तहको शिक्षा नि:शुल्क र अनिवार्य गर्ने**

☞ घरधुरी सर्वेक्षण गरी विद्यालय उमेरका बालबालिकाको सङ्ख्या एकिन गर्ने। कक्षा ३ सम्मको लागि आधा घण्टा, कक्षा ५ सम्म ४० मिनेट र माध्यमिक तहको विद्यालयसम्म पुग्न १ घण्टाभन्दा बढि समय लाग्ने अवस्था नहुने गरी नगरपालिका क्षेत्रमा आवश्यक जम्मा विद्यालय सङ्ख्या निश्चित गर्ने।

☞ नगरपालिका क्षेत्रका विद्यालय उमेरका कुनै पनि बालबालिका विद्यालय बाहिर नरहेको सुनिश्चत गर्ने। भौगोलिक विकटता, जनसङ्ख्या र विद्यमान विद्यालयसम्म पुग्न लाग्ने समय समेतलाई विश्लेषण गरी वडा समितिको सिफारिस समेतका आधारमा आवश्यक विद्यालय स्थापना, तह थप, तह मिलान तथा गाभ्ने समेतका कार्य सम्पन्न गर्ने।

☞ विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई वैकल्पिक शिक्षा तथा अन्य शैक्षिक कार्यक्रम सञ्चालन गरी शैक्षिक अवसर उपलब्ध गराउने। यसका लागि सामुदायिक अध्ययन केन्द्र मार्फत कार्यक्रम सञ्चालन गर्ने।

☞ सबै विद्यालयमा अभिभावक कोषको स्थापना गर्ने

☞ बालबालिकालाई विद्यालय पहिचान गरी उनीहरुलाई विद्यालय पठाउन प्रोत्साहन गर्ने, समस्या पहिचान गरी समाधानको उपायहरु अबलम्बन गरी विद्यालय भर्ना गर्न वातावरण तयार गर्ने।

☞ प्राविधिक धारमा छात्रा सहभागिता अभिवृद्दि गर्ने प्रोत्साहनका कार्यक्रमको व्यवस्थापन गर्ने।

☞ बालबालिकाहरूलाई विद्यालयसम्म ल्याउन, विद्यालयमा टिकाइ राख्न, सिकाउन र विकाउन अभिभावक शिक्षा कार्यक्रम तथा अन्य प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

☞ अपागंता भएका बालबालिकाहरुका लागि उनीहरुको अनुकूल शैक्षिक संस्था मार्फत सहज शैक्षिक वातावरण सिर्जना गर्ने।

☞ गरिब, अभिभावकविहीन, अनाथ बालबालिकाहरुको लागि आवासीय विद्यालय मार्फत शैक्षिक पहुँचको सुनिश्चितता गर्ने।

**(ख) प्रारम्भिक बालविकास केन्द्रको व्यवस्थापन**

☞ प्रारम्भिक वाल विकास केन्द्रको न्यूनतम मापदण्ड तोकि (बसाइ, भवन, सहजकर्ता, खाजा, सामग्री) नगरपालिका क्षेत्रका सबै प्रारम्भिक बालविकास केन्द्रहरु एउटै मापदण्डमा सञ्चालन गर्ने।

☞ हाल सञ्चालनमा रहेका विद्यालयमा आधारित तथा समुदायमा आधारित बालविकास केन्द्रको पर्याप्तता, भौतिक पूर्वाधारको अवस्था, सामग्री तथा सहजकर्ताको यथार्थ अवस्था अध्ययन गरी यस सम्बन्धमा गर्नुपर्ने सम्पूर्ण कार्यहरु (बालविकास केन्द्रको स्थापना वा बन्द, कक्षाकोठा, बसाइ व्यवस्थापन, सामग्री र

सहजकर्ता) का सबै यथार्थ विवरण सङ्कलन गरी आवश्यक बजेट समेत प्रस्ताव गरी क्रियाकलापको प्राथमिकीकरण गर्ने।

☞ नयाँ सहजकर्ता नियुक्ति, तालिम, पोशाक र प्रोत्साहन भत्ताको व्यवस्था गरी बालविकास केन्द्रको बसाई व्यवस्थापनमा लगानी गर्ने।

☞ बालविकास कक्षा स्तरोन्नतिका लागि INGO/NGO सँग सहकार्य गर्दै पालिकाभरका सबै बालविकास केन्द्रको स्तरोन्नति गर्ने।

☞ बालविकास केन्द्रका बालबालिकाहरुलाई खाजाको व्यवस्था गर्नका लागि हरेक विद्यालयहरुले अभिभावकसँग साझेदारी गरी व्यवस्थापनको ढाँचा अबलम्बन गर्ने।

☞ दुर्गम वस्ती र टोलहरूमा न्यूनतम मापदण्ड पुरा गरी बाल उद्यान र बाल विकास कक्षा सञ्चालन गर्ने।

**(ग) विद्यालयहरूको भौतिक सुधार**

☞ नगरपालिका क्षेत्रमा सञ्चालित सबै ८४ ओटै सामुदायिक विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार समान स्तरको र न्यूनतम भौतिक पूर्वाधारको सुनिश्चतता गर्नका लागि सबै विद्यालयहरुलाई वास्तविकता र यथार्थमा आधारित प्राथमिकता निर्धारण गर्न लगाउने।

☞ विद्यालयले आफैले निर्धारण गरेको प्राथमिकता अनुसार विद्यालयको वास्तविक अवस्थाको वडा प्रतिनिधिहरु तथा नगरपालिकाको तर्फबाट यथार्थ विवरण सङ्कलन गरी त्यसलाई वास्तविकता र यथार्थता मिलान गर्ने।

☞ विद्यालयहरुको भौतिक पूर्वाधारका क्षेत्रहरुको स्पष्ट मार्गचित्र भएको विवरण तयार गरी प्रकाशन गर्ने।

☞ विद्यालयको प्राथमिकता, आवश्यकता, विद्यार्थीको सङ्ख्या आदिका आधारमा वास्तविक मूल्याङ्कन गरी नियमित बजेट विनियोजन गरी भौतिक पूर्वाधार निमार्ण तथा मर्मतगर्नुका साथै यसका लागि अन्य क्षेत्रसँग समेत सहकार्य गरी क्रियाकलाप सञ्चालन गर्ने।

☞ भौतिक संरचनाहरु पूर्ण रुपमा विपद् प्रतिरोधात्मक, बालमैत्री, समावेशी र सुरक्षित बनाउने।

☞ सबै प्रकारका विद्यालय र शैक्षिक संस्थाहरूलाई सुरक्षित सिकाइ स्थलको रुपमा विकास गर्ने।

**(घ) शिक्षक व्यवस्थापन**

☞ शिक्षक व्यवस्थापन भन्नाले विद्यालयमा आवश्यक न्यूनतम शिक्षक उपलब्ध गराउने, कार्यरत शिक्षकको क्षमता विकास, परिचालन, दण्ड पुरस्कार, सरुवा बढुवा, प्रोत्साहन, उत्प्रेरणा सबै पक्षहरु समावेश गरिनेछ।

☞ कक्षा ३ सम्म कम्तीमा ३ जना, कक्षा ५ सम्म कम्तीमा ५ जना र माथिल्ला तहमा न्यूनतम रुपमा अनिवार्य विषयका शिक्षकको उपलब्धता नगरपालिकाको पहिलो प्राथमिकताको रुपमा कायम गर्ने।

☞ विद्यार्थी अनुपात तथा दरबन्दी र भौगोलिकता समेतका आधारमा दरबन्दी मिलानको कार्य २ महिनाभित्र सम्पन्न गरी आवश्यक पर्ने थप शिक्षकको सङ्ख्या र विषय यकिन गर्ने।

☞ कक्षा १ देखि ३ सम्म कक्षा शिक्षण गर्नका लागि सोही अनुसार शिक्षक व्यवस्थापन गर्ने। कक्षा शिक्षण गर्न कठिन हुने प्राथमिक तहका ५५ वर्ष उमेर पूरा गरेका इच्छुक शिक्षकहरुलाई नगरपालिकाका तर्फबाट

प्रोत्साहन समेत उपलब्ध गराई स्वेच्छिक अवकाशका लागि अवसर दिने। अन्य सबै विद्यालयमा शैक्षिक सत्र २०७८ बाट कक्षा १ देखि क्रमश कक्षा शिक्षण शुरु गर्ने। कक्षा शिक्षणका लागि सामग्री, तालिम तथा प्रोत्साहन भत्ता उपलब्ध गराउने । आर्थिक वर्ष २०७७।०७८ मा विनियोजित रकमबाट तालिम र सामग्रीको व्यवस्था गर्ने तथा आर्थिक वर्ष २०७८।७९ मा प्रोत्साहन भत्ता उपलब्ध गराउने।

☞ गणित, विज्ञान, अङ्ग्रेजी जस्ता कमजोर सिकाइ उपलब्धि भएका विषयको शिक्षकहरुका लागि मागमा आधारित तालिम, पेसागत विकास तथा सहकार्य र मेन्टरीङ उपलब्ध गराउने। नगरपालिकाले आफ्नो स्रोतमा नियुक्त गर्ने नयाँ शिक्षकको हकमा प्राथमिक/निमावि/मावि कुनै तह नतोकि, न्यूनतम योग्यता समान भएका शिक्षक व्यवस्थापन गरी विद्यालयगत रुपमा सबैलाई समान सुविधा उपलब्ध गराउने गरी नियुक्त गर्ने।

☞ नगरपालिकाले आफ्नो स्रोतमा नियुक्ति गर्ने शिक्षकको छनौट प्रक्रिया विद्यमान शिक्षक सेवा आयोगको पाठ्यक्रमका साथै थप शिक्षण योजना, शैक्षिक सामग्री, सूचना प्रविधिको ज्ञान र कम्तीमा स्नातक तह उत्तीर्ण गरेका र सबै तहमा द्वितीय र सोभन्दा माथिल्लो श्रेणीमा उत्तीर्णहरुलाई मात्र नियुक्त गर्ने।

☞ तहगत रुपमा प्रत्येक वर्ष उत्कृष्ट शिक्षक घोषणा गर्ने तथा शिक्षकको कार्यसम्पादन मूल्याङ्कनलाई वस्तुनिष्ठ र वैज्ञानिक बनाउने। शिक्षक मूल्याङ्कनलाई सिकाइ उपलब्धिसँग जोड्ने।

☞ विद्यालयको विद्यार्थी सङ्ख्या र प्राथमिकताका आधारमा शिक्षक व्यवस्थापन गर्ने। कुनै खास विषयहरु (कम्प्युटर, विज्ञान, गणित) मा एक शिक्षक बहु विद्यालयको प्रणाली अवलम्बन गर्ने । यसका लागि आवश्यकता अनुसार अन्य रणनीति तय गर्ने।

☞ शिक्षकहरु तोकेको समयमा कक्षाकोठामा गएको नगएको वि.व्य.स, शि.अ.सं. का सदस्यहरुबाट अनुगमन गराई पालिकामा रिपोर्ट गर्ने, रिपोर्टका आधारमा शिक्षकलाई सचेत गराउने तथा सुधारका लागि उत्प्रेरित गर्ने।

☞ नगर शिक्षा समितीको नेतृत्वमा सरोकारवालाहरुको टोली गठन गरी अनुगमन र रिपोर्टको आधारमा तालिममा छनोट, उचित पुरस्कार तथा दण्डको व्यवस्था गर्ने

**(ङ) नेतृत्व व्यवस्थापन**

☞ विद्यालयको विकास र प्रभावकारीताका लागि विद्यालयको नेतृत्व न्यूनतम र आवश्यक पूर्वशर्त हो । यसको प्रभावकारी व्यवस्थापनका लागि सक्षम, वरिष्ठ, कुशल, व्यवस्थापकीय र प्रशासकीय क्षमता भएका प्रअ व्यवस्थापन गर्ने । विद्यमान शिक्षा नियमावलीका प्रावधान तथा नगरपालिकाले आफ्नै मापदण्ड बनाइ कार्यान्वियन गर्ने।

☞ नेतृत्व क्षमता विकास, नेतृत्व हस्तान्तरण, नेतृत्व अवलोकन भ्रमण, प्रोत्साहन र कार्यसम्पादन करार र सो अनुसारको अनुगमन मूल्याङ्कन तथा दण्ड पुरस्कारका रणनीति अवलम्बन गर्ने । प्रत्येक वर्ष एक प्रअलाई उत्कृष्ट प्रअको रुपमा शिक्षक, अभिभावक विद्यार्थीबाट मूल्याङ्कन गराइ, नतिजामा आधारित मूल्याङ्कनबाट छनौट गर्ने। आवश्यकता अनुसार सरुवा र जिम्मेवारी परिवर्तन गर्न सकिने।

☞ सम्बत २०८० साल सम्म सबै मावि विद्यालयहरुमा कम्तिमा एक जना मावि स्थायी शिक्षकको व्यवस्थापन गरी नियमानुसार प्रधानाध्यापकको व्यवस्थापन गर्ने।

**(च) गुणस्तर**

☞ गुणस्तरलाई बुझ्ने फरक फरक दृष्टीकोणहरु विद्यमान छन् । तर हालको परिवेशमा अभिभावकहरुले विद्यार्थीको सिकाइ उपलब्धिलाई नै एकमात्र गुणस्तरको सूचक मानिरहेको सन्दर्भमा सिकाइका कक्षागत तथा तहगत मापदण्ड निर्धारण गरी परीक्षण गर्ने तथा अन्य क्रियाकलाप गर्नु आवश्यक छ । यसका लागि मापदण्ड निर्धारण गर्ने ।

☞ हरेक माध्यमिक विद्यालयले एसइइ परीक्षामा सहभागी भएकामध्ये कति प्रतिशत विद्यार्थीको जिपीए कुन समूहभन्दा माथि आउने वा कति प्रतिशत विद्यार्थी विज्ञान विषय पढ्न पाउने योग्यताका हुने भन्ने लक्ष्य निर्धारण गर्नेछन् । यसमा नगरपालिकाका हरेक विद्यालयहरुले निर्धारण गर्नेछन् र सोही अनुसार नगरपालिकाले निर्धारण गर्ने ।

☞ कक्षा ८ को न्यूनतम सिकाइ सुनिश्चत गर्न कक्षा ८ को परीक्षालाई व्यवस्थित र मर्यादित बनाउने तथा हरेक विद्यालयको नतिजा विश्लेषण गरी नगरपालिकाले समिक्षा कार्यशाला सञ्चालन गरी सुधारका लागि आवश्यक काम गर्ने ।

☞ स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम कक्षा ५ मा नमूनामा आधारित सिकाइ उपलब्धि परीक्षणहरु सञ्चालनका लागि छलफल अन्तरक्रिया गरी त्यस्तो परीक्षण सञ्चालन गर्ने र नतिजा विश्लेषण गरी सुधारका क्षेत्र पहिचान गर्ने ।

☞ कक्षा ३ मा भाषा र गणितको न्यूनतम सिकाइ सुनिश्चत हुने गरी वाह्य परीक्षा सञ्चालन गरी सो का आधारमा सुधारका लागि आवश्यक कदम चाल्ने ।

☞ अभिभावकहरुले अङ्ग्रेजी माध्यमको चाहना गरिरहेको वर्तमान सन्दर्भमा शिक्षणको माध्यम भाषामा भन्दा प्राथमिक तहमा अङ्ग्रेजीको सिकाइमा विशेष जोड दिएर अभिभावकको विश्वास आर्जन गर्ने ।

☞ आधारभूत (६-८) तथा मावि तहमा, कम्प्युटर, अतिरिक्त गणित, अनिवार्य गणित र विज्ञान विषय अङ्ग्रेजी माध्यममा शिक्षण गर्ने ।

☞ परियोजनामा आधारित सिकाइ तथा अन्य सान्दर्भिक वैकल्पिक सिकाइद्वारा गुणस्तर बृद्धी गर्ने ।

☞ विद्यालयको मूल्याङ्कनका लागि एउटा आधारको रुपमा विद्यार्थी सिकाइ उपलब्धिलाई लिएर सो अनुसार विद्यालयको मूल्याङ्कन गरी आवश्यक थप सहयोग उपलब्ध गराउने ।

☞ शिक्षण सिकाइलाइ प्रभावकारी बनाउन सूचना तथा प्रविधि, STEAM Education तथा STEAM Pedagogy द्वारा एकीकृत शिक्षण अभ्यासलाइ प्रयोगमा ल्याउन प्रोत्साहित गर्ने ।

**(छ) परीक्षा तथा मूल्याङ्कनमा सुधार**

☞ कक्षा १ मा कक्षा शिक्षण शुरु भएपश्चात शिक्षकले विद्यार्थीको हरेक दिनको सिकाइ प्रगतिलाई अभिलेखीकरण गर्ने र मासिक रुपमा समिक्षा गरी प्रगति विवरण बनाउने ।

☞ वर्तमान निरन्तर विद्यार्थी मूल्याङ्कनको कार्यान्नवयनमा देखिएका कठिनाइ हटाउने तथा उक्त पद्धति अवलम्बन हुन नसक्ने भए शिक्षककका पेसागत सङ्घ सङ्गठन र परीक्षा तथा मूल्याङ्कन विज्ञसहितको कार्यदलबाट वैकल्पिक पद्धति तयार गरी कार्यान्वयन गर्ने ।

- ☞ अभिभावकलाई हरेक ४ महिना र वार्षिक रुपमा विद्यार्थी प्रगति विवरण उपलब्ध गराउने तथा कक्षागत रुपमा अभिभावकसँग अनिवार्य छलफल बैठक गर्ने ।
- ☞ कक्षा ३ मा नगरपालिकाले भाषा र गणितको उपलब्धि परीक्षण सञ्चालन गर्ने ।
- ☞ कक्षा ५ मा अनिवार्य विषयको उपलब्धि परीक्षण सञ्चालन गर्ने ।
- ☞ कक्षा ६ देखि माथिका कक्षामा हुने व्यवहारिक परीक्षाहरुलाई व्यवस्थित र वास्तविक रुपमा सञ्चालन गर्ने गरी व्यवस्थापन गर्ने ।
- ☞ विद्यालयमा सञ्चालन हुने त्रैमासिक परीक्षाका प्रश्नपत्र हरेक विद्यालयले आफै बनाउने । उत्तरपुस्तिका परीक्षण गरी विद्यार्थीलाई फिर्ता दिने ।
- ☞ वार्षिक परीक्षाका प्रश्नहरु नगरपालिकाबाट विज्ञ मार्फत तयार गराई परिमार्जन गरी गुणस्तरीय बनाएर प्रयोग गर्ने ।
- ☞ प्रश्न पत्र निर्माण, उत्तर पुस्तिका परीक्षण, नतिजा विश्लेषणका लागि तालिम, कार्यशाला, क्षमता विकास गराउने ।
- ☞ कमजोर सिकाइ भएका विद्यार्थीका लागि व्यक्तिगत शिक्षण, उपचारात्मक शिक्षणका विधि तय गर्ने तथा उनीहरुका खास रुचिका क्षेत्र पहिचान गरी माध्यमिक तहबाट सोहीतर्फ जानेगरी आधारभूत भाषिक तथा गणितीय सिप सिकाउने ।
- ☞ मूल्यांकनलाइ शिक्षण सिकाइको एक अभिन्न अंगको रुपमा विकास गर्ने सिकाइ र मूल्यांकनलाई सँगसँगै अघि बढाउने ।

**(ज) नगर नमूना विद्यालय तथा आवासीय विद्यालय**

- ☞ नगरपालिका भित्र सुविधा सम्पन्न, भौतिक पूर्वाधार पर्याप्त भएको अथवा भौतिक पूर्वाधार विकासका लागि संभावना भएको एक सामुदायिक विद्यालय नमूना विद्यालयको रुपमा विकास गर्न छनौट गर्ने ।
- ☞ नगरपालिकाका विपन्न, भौगोलिक विकटतामा भएका, विभिन्न समस्यामा भएका बालबालिकाहरुका लागि एक आवासीय सुविधा सहितको विद्यालय सञ्चालन गर्ने, आवासीय सुविधा विस्तार गर्ने ।
- ☞ खेलकुद, प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधिका क्षेत्रमा समेत नमूनाको रुपमा विकास गरी नगरपालिकाका सबै विद्यालयका शिक्षकहरुले क्षमता विकास र ज्ञान सिपको आदान प्रदान गर्ने सक्ने गरी सोही विद्यालयलाई शैक्षिक स्रोत विद्यालयको रुपमा विकास गर्ने ।
- ☞ नगरपालिका भित्रका शिक्षकहरुका लागि सञ्चालन हुने तालिम, गोष्ठी कार्यशाला समेत विद्यालयमै सञ्चालन गर्ने र कक्षाकोठा, प्रयोगशाला, पुस्तकालयमा व्यवहारिक अभ्यास समेत गर्न मिल्ने गरी नगर शिक्षा विकास तथा स्रोत केन्द्र सञ्चालन गर्ने ।
- ☞ नगर क्षेत्रका कुनै पनि विद्यालयका शिक्षकहरुले आफ्नो क्षमता विकासका लागि निर्धारित विधि बमोजिम विद्यालयका स्रोत प्रयोग गर्न सक्ने ।
- ☞ नमूना विद्यालयमा कार्यरत शिक्षकहरुले अन्य विद्यालयका शिक्षकहरुका लागि मेन्टर शिक्षकको रुपमा काम गर्ने र सो काम गरेवापत नगरपालिकाले निश्चत प्रोत्साहन तथा उत्प्रेरणाका प्याकेज उपलब्ध गराउने ।

☞ संस्थागत विद्यालय र सामुदायिक विद्यालयको राम्रा अभ्यासको साथै सामुदायिक सामुदायिक बीचका असल अभ्यासको आदान प्रदान गर्ने र प्रयोग गर्ने तथा सिक्ने थलोका रुपमा नमूना विद्यालयलाई विकास गर्ने।

**(झ) सूचना प्रविधि**

☞ हरेक विद्यालयमा सूचना प्रविधिको पहुँच पुऱ्याइनेछ। हरेक माध्यमिक विद्यालयमा इन्टरनेट सुविधासहित न्यूनतम २० कम्प्युटर भएको प्रयोगशाला, कक्षा ८ सम्म सञ्चालित विद्यालयमा न्यूनतम १५ कम्प्युटर, कक्षा ५ सम्म सञ्चालित विद्यालयमा न्यूनतम ८ र ३ सम्म सञ्चालित विद्यालयमा न्यूनतम ५ कम्प्युटर रहनेछन्।

☞ प्रत्येक विद्यालयका प्रअ र एक शिक्षकलाई सूचना प्रविधि शिक्षकको रुपमा विकास गरिनेछ। यसका लागि अनलाइन तथा फेस टु फेस तालिममार्फत क्षमता विकास गराइनेछ। प्रविधि शिक्षकका लागि सफ्टवेयर र हार्डवेयरको आधारभूत तालिम दिइनेछ।

☞ हरेक कक्षाका हरेक विद्यार्थीहरु प्रविधिसँग परिचित हुन पाउने, त्यसबाट सिक्न पाउने अवस्था सिर्जना गरिनेछ।

☞ शिक्षामा सूचना प्रविधि भनेको विद्यालयमा कम्प्युटर र प्रोजेक्टरको उपलब्धता भन्दा पनि शिक्षकलाई सहजीकरण गर्ने सामग्री र विद्यार्थीका लागि सिकाइको माध्यमको रुपमा प्रयोगमा जोड दिइनेछ।

☞ इन्टरनेट सुविधा नभएका विद्यालयले नजिकका अन्य माध्यमिक विद्यालयमा गएर समय अनुकूल र आवश्यकता अनुसार इन्टरनेट प्रयोग गर्न पाउने व्यवस्था मिलाइनेछ।

☞ आधारभूत विद्यालयहरुलाई इन्टरनेट जडान गर्न प्रोत्साहन गरी स्रोतमा साझेदारी गरिनेछ साथै क्रमश ईन्टरनेट पहुँच विस्तार नगरभित्रका सम्पूर्ण विद्यालयहरुमा गरिनेछ।

☞ विद्यालयका प्रअलाई अनिवार्य र अन्य शिक्षकका लागि आवश्यकता र माग अनुसार आधारभूत सूचना प्रविधिको तालिम दिइनेछ।

☞ हरेक विद्यालयका फेसबुक पेजहरु बनाइनेछ र फेसबुक सञ्चालनको मार्गनिर्देशिका समेत तयार गरिनेछ। माध्यमिक तहका विद्यालयहरुले web portal विकास गर्नेछन्।

☞ व्यैक्तिक सिकाई (Personalized Learning) र Collaborative Learning लाई आत्मसात गर्दै नगर भित्र र अन्तर नगर सिकाई अभ्यास साटासाट गर्न Municipality Learning Management System, Interactive Virtual Environment जस्ता कष्टमाइड्ज सफ्टवेयर लागु गरिनेछ।

☞ स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्री डिजिटाइजेसन र प्रयोगमा ल्याइनेछ।

**(ञ) पाठ्यक्रम, पाठ्यपुस्तक, शैक्षिक सामग्री**

☞ स्थानीय पाठ्यक्रम र सन्दर्भ सामग्री निर्माण र कार्यान्वयनमा ल्याइनेछ।

☞ सिकाइ सहजीकरणका लागि स्थानीय सन्दर्भपुस्तक तयार गरी कार्यान्वयनमा ल्याउने।

☞ हरेक विद्यालयहरुलाई शैक्षिक सामग्री निर्माण तथा खरिदका लागि प्रोत्साहन र जोडकोष अनुदान उपलब्ध गराइनेछ।

☞ सबै विद्यालयका सबै बालबालिकाहरुलाई पाठ्यपुस्तक तथा कमजोर आर्थिक अवस्था भएका विद्यार्थीका लागि पोसाक तथा स्टेशनरी उपलब्ध गराइनेछ ।

☞ विशेष आवश्यकता भएका बालबालिकाका लागि अलग्गै तथा थप सामग्री, पाठ्यपुस्तक र सहयोग तथा प्रोत्साहन उपलब्ध गराउने ।

☞ कक्षा १ देखि ३ सम्म पुस्तकालय कुना (कक्षाकोठामै पढ्ने सामग्री), कक्षा ४ देखि ७ लागि र ८ देखि १२ का लागि अलग अलग खण्ड भएको एक विद्यालय अनिवार्य एक पुस्तकालयको कार्यान्वयन गर्ने ।

☞ पाठ्यक्रमले तोकेको ढाँचा अनुसार प्रत्येक महिनाको ५ दिन सम्बन्धित विषय क्षेत्रको फिल्ड भिजिट अभ्यास गर्ने र रोजगारमूलक अवसरको खोजी गर्ने ।

☞ स्थानीय पाठ्यक्रम निर्माण गरी रोजगारी, स्वरोजगारी तथा व्यवसायीक क्षेत्र पहिल्याउने ।

☞ आवश्यक पाठ्यसामग्री तथा सन्दर्भ सामग्रीको व्यवस्थापन गर्ने ।

**(ट) अतिरिक्त क्रियाकलाप**

☞ विद्यार्थीको सर्वाङ्गीण विकासका लागि विभिन्न प्रकारका अतिरिक्त क्रियाकलापहरु अनिवार्य गरिनेछ । हरेक महिनाको अन्तिम शुक्रबार नगरस्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

☞ हरेक विद्यालयले अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरी वार्षिक कार्यतालिका तयार गर्नेछन् । तह अनुसार सबै विद्यालयमा अतिरिक्त क्रियाकलापका लागि एक संयोजक तोकिनेछ । अतिरिक्त क्रियाकलापमा सकेसम्म धेरै क्रियाकलापहरु समावेश गराइनेछ ।

☞ अतिरिक्त क्रियाकलापहरु जस्तै गीत, संगीत, नृत्य, क्रियाकलाप खेलकुद आदिको लागि आवश्यक सामग्रीको सहितको ल्याब व्यवस्थापनमा जोड दिने ।

**(ठ) बालमैत्री तथा समावेशी शिक्षा**

☞ घर देखि विद्यालय सम्मको बाटो घाटो बालमैत्री बनाउन हिउदे र बर्षे बाटो मर्मत गर्ने ।

☞ कक्षा र विद्यालयमा अनिवार्य बालक्लव गठन गरी बालबालिकाको पठन लगायत सृजनशिलता विकास तथा प्रष्फुटन हुने क्रियाबलापमा सक्रिय बनाउने ।

☞ नगर शिक्षा समिती, वडा शिक्षा समिती विद्यालय व्यवस्थापन समिती शिक्षक अविभावक संघ वैठकमा बालक्लवको सहभागिता गराउने ।

☞ विद्यालयमा विद्यमान भौतिक संरचनामा सुधार गरी अपाङ्गमैत्री बनाउने तथा नयाँ निर्माण हुने भौतिक संरचना अनिवार्य अपाङ्गमैत्री र बालमैत्री बनाउने ।

☞ बालकक्षा र कक्षा १ को कक्षा शिक्षकलाई अपाङ्गता सम्बन्धी तालिम उपलब्ध गराउने । शिक्षण सिकाइ, शैक्षिक सामग्री र मूल्याङ्कनका पक्षहरुमा अपाङ्गता भएका बालबालिका अनुकूल व्यवहार तथा सामग्रीको उपलब्धतामा ध्यान दिने

☞ अपाङ्गता भएका विद्यार्थी लक्षित गरी विशेष तथा आवासिय विद्यालय सञ्चालन गर्नेतर्फ पहल गर्ने

☞ अपाङ्गताको कारण विद्यालय उपस्थित हुन नसक्ने बालबालिकाका लागि विशेष व्यवस्था गर्ने

☞ अपाङ्गता भएका तथा विपन्न बालबालिकाको पहिचान गर्ने

☞ लैङ्गिक विभेद, जातिय विभेद, धर्मिक विभेद, अन्धविश्वास, कुरिती र कुसंस्कार विरुद्व प्रत्येक वर्ष जनचेतना अभियान सञ्चालन गर्ने।

**(ङ) शैक्षिक सेवा प्रवाह, सुशासन र व्यवस्थापन**

☞ सामुदायिक तथा नीजि विद्यालयहरुका राम्रा अभ्यासहरु आदान-प्रदान गरी सहकार्यको संस्कति विकास गर्ने

☞ निजी विद्यालयको पुर्वाधार ऐन तथा नियमावली अनुसार निर्माण गर्न लगाउने र आवश्यक नियमन गर्ने

☞ नगरपालिकाका तर्फबाट प्रवाह गरिने सेवालाई प्रभावकारी, जवाफदेही र पारदर्शि बनाउनका लागि नगर शिक्षा सहजकर्ता मार्फत सहजीकरण गरिनेछ।

☞ विद्यालयहरुले कुनै पनि सेवा लिनका लागि नगरपालिकासम्म धाएर आउनुपर्ने अवस्थालाई न्यूनीकरण गर्न विद्युतीय शासन (विद्युतीय सेवा प्रवाहका) ढाँचाहरु अवलम्बन गरिनेछ।

☞ विद्यालयहरुको नियमित अनुगमन, मूल्याङ्कन तथा शिक्षकहरुलाई पेसागत सहयोग उपलब्ध गराउन नगर शिक्षक सहजकर्ताहरु परिचालन गरिनेछ।

☞ नगर शैक्षिक तथ्याङ्क अद्यावधिक र विश्वसनीय बनाइ हरेक वर्ष नगर शिक्षा झलक र वार्षिक क्यालेण्डर प्रकाशित गरिनेछ।

☞ नियमित रुपमा प्रअ वैठक, विषयगत शिक्षक वैठक, घुम्ती वैठक, शिक्षक कार्यशाला सञ्चालन गरिनेछ।

☞ विद्यालय कर्मचारीको व्यवस्था आवश्यकता अनुसार मिलाइनेछ।

☞ विद्यालयको नामाकरण सम्बन्धी विषयहरु कानूनमार्फत व्यवस्थित गरिनेछ।

☞ हरेक माध्यमिक विद्यालयमा एक महिला शिक्षकलाई Gender Focal Person तोकी किशोरीहरुका समस्या सुन्ने, समाधानका पहल गर्ने तथा परामर्श सेवा उपलब्ध गराउने जिम्मेवारी दिने। यसका लागि तालिम तथा प्रोत्साहनको व्यवस्था गर्ने।

☞ हरेक विद्यालयमा मासिक अभिभावक वैठक गर्ने व्यवस्था मिलाउने। अभिभावक अन्तरक्रिया तथा क्षमता विकास र शिक्षक अभिभावक संघको क्षमता विकासका क्रियाकलाप विद्यालय आफैले गर्ने। नगरपालिकाले सहजीकरण गर्ने।

☞ विद्यालय स्थापनालाई योजनाबद्द रुपमा सञ्चालन गर्ने।

☞ हरेक विद्यालयमा करेसाबारी, फूलबारी, इको क्लबका अवधारणालाई क्रमश कार्यान्वयनमा लैजाने।

☞ विद्यार्थी र शिक्षकको नियमिततालाई बढाउन विद्यालयले आ-आफ्नै प्रकारका रणनीतिहरु तय गर्ने।

☞ सामाजिक परीक्षण, वार्षिकोत्सव, अभिभावक भेलालाई औपचारिक तथा खर्चिलो र भडकिलो नबनाइ गुणस्तर, शिक्षण सिकाइ र विद्यालय सम्बन्ध सुधार गर्ने अवसरमा परिणत गर्ने।

☞ वातावरणीय परिवर्तन तथा विपद्सम्बन्धी सचेतना कार्यक्रमहरु विद्यालयमा संचालन गर्ने

☞ विपद् पुर्व तयारी तथा विपद् व्यवस्थापन सन्दर्भमा सरोकारवालाहरु संग सहकार्य गरि जोखिम न्यूनिकरणका उपायहरु अवलम्वन गर्ने, गराउने।

☞ शैक्षिक सेवा प्रवाह तथा सुशासन प्रवाहलाई थप व्यवस्थित गर्न नगरपालिका भित्र स्थापना गरिएका ३ वटा क्लष्टर र क्लष्टरका सहजकर्ता मार्फत सेवा प्रवाहलाई व्यवस्थित गर्ने ।

**खण्ड: तीन**

यस खण्डमा खासगरी समग्र नगरपालिकाको शिक्षाको सुधार, विकास र व्यवस्थापनका लागि गरिने क्रियाकलापहरु पहिचान गरी ती क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत, त्यसबाट हासिल हुने उपलब्धि र जिम्मेवारी तथा बजेट व्यवस्थापनका विषयहरु उल्लेख गरिएको छ । यस कार्यान्वयन योजना एउटा नमूना र खाँका मात्र हो । यसका आधारमा पहिचान गरिएका क्रियाकलाप र अन्य आवश्यक र सान्दर्भिक क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

**कार्यान्वयन योजना**

| सि नं | क्रियाकलाप | स्रोत/सामग्री | उपलब्धि | जिम्मेवारी | बजेट | सूचाङ्क |
|---|---|---|---|---|---|---|
| १ | वडागत रुपमा विद्यालयको वितरणलाई अध्ययन गरी आवश्यकता अनुसार विद्यालय थप गर्ने तथा घटाउने | कक्षाकोठा र शिक्षक | पहुँच विस्तार | नपा र विव्यस | X | विद्यालयहरुको संख्या सेवा क्षेत्र र शिक्षक विद्यार्थी अनुपातमा समानता कायम |
| | नक्साङ्कन ,भौगोलिक अवस्था ,समय ,पहुँच र जनसङ्ख्यालाई समेत आधार मानेर गर्ने । | | | | | |
| २ | सबै सामुदायिक विद्यालयमा बाल विकास कक्षाको स्थापना | आवश्यकता पहिचान गरी विद्यार्थी सङ्ख्या अनुसार | पहुँच विस्तार | नपा र विद्यालय | नयाँ स्थापना हुने विद्यालयका लागि | ८४ ओटै सामुदायिक विद्यालयहरुमा वालबिकास कक्षा व्यवस्थापन |
| ३ | बालविकास कोटा नभएका विद्यालयमा सकाको व्यवस्थापन | खुला प्रतिस्पर्धा मार्फत | योग्य सकाको उपलब्धता | नपा | विनियोजित बजेट | वालविकास कक्षामा नयाँ सका व्यवस्थापन |
| ४ | नयाँ सकाका लागि आधारभूत तालिम र सामग्री निर्माण | तालिम सामग्री , प्रशिक्षक | सबै सका तालिम प्राप्त हुने | नपा र विद्यालय | विनियोजित बजेट | सकाका लागि सेवा प्रवेश र सामग्री निर्माण तालिम दुई चरणमा सञ्चालन |
| ५ | प्रत्येक वर्ष सहयोगी कार्यकर्ताका लागि छोटो अवधिको पुर्नताजगी तालिम | तालिम सामग्री , प्रशिक्षक | सकाको क्षमता विकास हुने | नपा ,सका र विद्यालय | नियमित बजेट | आवश्यकतामा आधारित सकाका लागि वार्षिक दुई चरणमा पुनर्ताजगी तालिम संचालन |
| ६ | सहयोगी कार्यकर्ता उत्प्रेरणा (तलब | बजेट विनियोजन गरेर | सकाको उत्प्रेरणा | नपा ,प्रदेश ,संघ , | विनियोजित | सकाको प्रचलित मासिक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भत्ता) | | | विद्यालय | बजेट | तलबमा समयानुकुल प्रोत्साहन व्यवस्थापन |
| ७ | ३० जनाभन्दा बढी बालबालिका भएका बालविकास कक्षामा २ जना सकाको व्यवस्था | विद्यालयमा प्रभावकारी वाविके व्यवस्थापन | प्रभावकारी सिकाइ | नपा र विद्यालय | विनियोजित बजेट | सम्वन्धित विद्यालयका वालविकास कक्षामा सकाको संख्या वृद्धि |
| ८ | सबै विद्यालयमा स्वच्छ खानेपानी र छात्र ,छात्राका लागि अलग्गै अपाङ्गमैत्री शौचालयको व्यवस्था | आवश्यकता अनुसार बजेट विनियोजन | विद्यालयको भौतिक अवस्थामा सुधार | नपा ,विद्यालय , व्यवस्थापन समिति , अभिभावक | | नगर अन्तर्गतका विद्यालयहरुमा छात्र, छात्राका लागि अलग्गै र अपांगमैत्री शौचालयको व्यवस्थापन |
| ९ | सबै विद्यालयमा घेरावाराको व्यवस्था | बजेट र श्रमदान मार्फत | भौतिक वातावरण सुधार | नपा ,विद्यालय , विव्यस , अभिभावक | बजेट | विद्यालयहरुमा घेरावारा तारजालीले सुरक्षित विद्यालयको व्यवस्थापन |
| १० | बाल कक्षा देखी कक्षा ५ सम्म दिवा खाजाको व्यवस्था | अभिभावक मार्फत (खास ,लक्षित र कमजोरका लागि थप) | विद्यालय उपस्थिति र स्वास्थ्य ,पोषणमा सुधार | विव्यस र अभिभावक | साझेदारी | स्थानीयस्तरमा उत्पादित हरेक दिन फरक फरक मेनुसहितको स्वस्थकर दिवा खाजाको व्यवस्थपान ( जङ्क फुडलाई निरुत्साहित) |
| ११ | सबै विद्यालयहरुमा बुक कर्नरको व्यवस्था अनिवार्य कार्यान्वयन | पुस्तक सङ्कलनका लागि विभिन्न रणनीतिहरु तय गर्ने। विभिन्न सरकारी गैससहरुसँग समन्वय र | विद्यार्थीमा पठन सिपमा विकास र सुधार तथा विद्यालयको वातावरण सुधार | नपा ,विव्यस , विद्यालय , अभिभावक | नपा बजेट | कक्षा ५ सम्म अनिवार्य वुक कर्नर व्यवस्थापन र अन्य तहका कक्षाकोठामा क्रमश व्यवस्थापन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहकार्य गर्ने । | | | | |
| १२ | माध्यमिक तह सञ्चालन भएका विद्यालयमा न्यूनतम पूर्वाधार सहितको विज्ञान प्रयोगशाला | प्रदेश सरकार ,संघीय सरकार तथा नपा र विद्यालयले साझेदारी गर्ने | विज्ञान प्रयोगशाला स्थापना भइ विज्ञान विषयको शैक्षिक स्तरमा सुधार हुने | नपा ,विद्यालय , संघ र प्रदेश | नपा बजेट | २०७८ सम्म सबै माद्ययमिक तहमा विज्ञान प्रयोगशाला व्यवस्थापन |
| १३ | सबै विद्यालयमा कम्प्युटर र प्रोजेक्टरको व्यवस्था | विद्यालय ,व्यवस्थापन समित ,अभिभावक , स्थानीय सरकार समेतले सहकार्यमा गर्ने | विद्यालयमा सूचना प्रविधिको प्रयोग , उपलब्धता र शिक्षण सिकाइमा सहयोग पुग्ने | नपा ,विव्यस , प्रदेश सरकार , संघ र स्थानीय गैसस | नपा बजेट ,प्रदेश , संघ तथा संघ संस्था | प्रति वर्ष कम्तिमा २० ओटा विद्यालयमा कम्प्युटर र प्रोजेक्टर व्यवस्थापन |
| १४ | प्रत्येक वर्ष शैक्षिक सत्रको शुरु ,वर्षे वा हिउँदे विदाका दिनमा मात्र हरेक विद्यालयका सबै शिक्षकलाई वार्षिक ३ दिनको विभिन्न विषयको विषयगत तालिम ,कार्यशाला ,आइसिटी STEAM Pedagogy जस्ता पेसागत क्षमता विकासका कार्यक्रम | प्रदेश तालिम केन्द्र , संघीय सरकार ,स्थानीय गैसससँग सहकार्य गरी आफ्नो पेसागत क्षमता विकासमा शिक्षक आफैले पहल गर्ने व्यवस्था मिलाउने | शैक्षिक गुणस्तर सुधारमा सहयोग पुग्ने | शिक्षक , विद्यालय ,गैसस , नपा ,प्रदेश र संघ | नपा बजेट | शिक्षकहरुका लागि तालिम आवश्यकता संकलन र विषयगत तालिम, कार्यशाला, ICT र STEAM approach/ pedagogy को तालिम संचालन |
| १५ | कक्षा १ देखि ३ सम्म क्रमश कक्षा शिक्षण र त्यसका लागि आवश्यक तालिम | विद्यालयका शिक्षक र प्रअले आपसी छलफल गरी व्यवस्था मिलाउने तथा नपाले आवश्यक सहयोग गर्ने | प्रारम्भिक कक्षाको सिकाइमा सुधार हुने | प्रअ ,शिक्षक , विव्यस र नपा | विनियोजित बजेट | २०७८ सम्मा सवै मा वि तहका विद्यालयहरुमा नयाँ एकिकृत पाठ्यक्रमको ढाँचामा आधारित तालिम व्यवस्थापन र कक्षा संचालन |
| १६ | माध्यमिक विद्यालयमा अनिवार्य | इन्टरनेट सेवा प्रदायक | विद्यालयमा सूचना | नपा ,विव्यस , | विद्यालय र नपा | मा विले स्थानीय तह र शिक्षा |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | इन्टरनेट सुविधा र क्रमश आधारभूत तहमा विस्तार | कम्पनी ,सरकारी निकाय )सूचना प्रविधि आयोग ( सँग सहकार्य गरी अगाडि बढाउने | प्रविधिको प्रयोग र गुणस्तर सुधार | शिक्षक ,संघ , प्रदेश ,गैसस | साझेदारी तथा संघसंस्था | शाखासंग विद्युतिय प्रत्राचार र सूचनाको आदान प्रदान थालनी र शिक्षण सिकाइमा समेत भर्च्युल विधीको प्रयोग |
| | माध्यमिक विद्यालयहरुले प्रत्येक हप्ताको १ दिन अन्य आधारभूत विद्यालयका शिक्षक तथा विद्यार्थीका लागि इन्टरनेट प्रयोग गर्ने सुविधा उपलब्ध गराउनु पर्ने। | | | | | |
| १७ | आवश्यकता ,औचित्यता ,रोजगारी तथा स्वरोजगारीताको संभाव्यताका आधारमा मात्र माध्यमिक तहमा प्राविधिक विषय | संघीय सरकार ,प्रादेशिक सरकार नगरपालिकाको सहकार्यमा आवश्यकता अनुसार कुनै खास एउटा विद्यालयलाई प्राविधिक विद्यालयको रुपमा विकास गरी सबै खाले कोर्ष पढ्ने व्यवस्था मिलाउने। आवासीय सुविधा सहित | स्थानीय आवश्यकता अनुसार सिपयुक्त जनशक्ति तयार हुने। | संघ ,प्रदेश ,नपा , माध्यमिक विद्यालय | संघ ,प्रदेश र नपाको बजेट | विद्यालय छनौट एवम् भौगोलिक उपयूक्ताका आधारमा प्राविधिक विषयहरुको पठनपाठन सुरुवात |
| १८ | कक्षा ३ मा पठन र गणितीय सिपको सिकाइ स्तर परीक्षण | नपाको शिक्षा शाखाको नेतृत्वमा स्तरीकृत साधनमार्फत परीक्षण गराउने | सिकाइ स्तर मापन भइ गुणस्तरमा सुधार हुने | नपा र विद्यालय | नपाले व्यवस्था गर्ने | पठन सीप र गणितिय सीपको स्तर पहिचान हुने |
| १९ | माध्यमिक र कक्षा ६ देखि ८ सम्म अनिवार्य विषयका शिक्षक र अन्यमा | दरबन्दी मिलान तथा विद्यालयको तह मिलान | न्यूनतम शिक्षक उपलब्ध भइ | नपा ,संघ र विद्यालय | विनियोजित बजेट | कम्तिमा विज्ञान गणित र अंग्रेजीको विषयगत शिक्षक सबै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्याको आधारमा सबै विद्यालयमा न्यूनतम शिक्षक उपलब्धता | गरी संघीय सरकारसँग समन्वय गरेर शिक्षक व्यवस्थापन गर्ने | पठनपाठन नियमित भई सिकाइ सुधार हुने | | | विद्यालयहरुमा व्यवस्थापन |
| २० | वर्षमा कम्तिमा चार पटक प्रत्येक कक्षाका अभिभावकसँग अलग अलग वैठक | विद्यालयले गर्ने | अभिभावक सहभागिता | विद्यालय | X | ४ ओटा वैठकको माइन्यूट निर्णय छायाँकपी , बैठकको जानकारी सम्वन्धित विद्यालय रहेको क्लष्टरमा जानकारी |
| २१ | प्रत्येक महिनाको २ गते नपामा प्रअ वैठक र क्षमता विकास | नगरपालिकाले गर्ने | क्षमता विकास | नगरपालिका | नगरपालिकाको नियमित | क्लष्टरस्तरीय बैठक र नपामा तोकिएको मितिमा बैठक सञ्चालन |
| २२ | प्रत्येक ३ महिनामा विषयगत शिक्षक वैठक र कार्यशाला | नगरपालिका | क्षमता विकास | नगरपालिका | X | क्लष्टर स्तरीय बैठक र निर्णय |
| २३ | प्रत्येक वर्ष तहगत रुपमा ३ शिक्षकलाई वर्ष शिक्षक र १ प्रअलाई उत्कृष्ट प्रअ सम्मान तथा पुरस्कार | छनौटका लगि कार्यविधि बनाई नपाले स्वीकृत गरे अनुसार | प्रोत्साहन | नगरपालिका र विद्यालय | विनियोजित बजेट | विद्यालयको सिकाइ उपलव्धीमा वृद्धि तथा विद्यालयको उत्कृष्ट व्यवस्थापन |
| २४ | वार्षिक तथा त्रैमासिक परीक्षाका आधारमा प्रत्येक कक्षाको सिकाइ उपलब्धि विश्लेषणको व्यवस्था | सिकाइ उपलब्धिका नतिजा तथ्याङ्कहरु | अवस्था पहिचान | नगरपालिका र शिक्षा शाखा | नियमित बजेट | शिक्षण सिकाइमा सुधार, न्यून सिकाइ उपलब्धी भएका विषयका विद्यार्थीहरुका लागि सुधारात्मक सिकाइको व्यवस्था |
| २५ | नपाबाट दुई महिनामा एकपटक विद्यालयको समग्र अनुगमन ,निरीक्षण तथा अन्तरक्रिया | | विद्यालयको अवस्था पहिचान | नगरपालिका , शिक्षा शाखा | | पृष्ठपोषण प्रदान र विद्यालयहरुको यथार्थ अवस्थाको प्रतिवेदन तयार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २६ | हालको निरन्तर र त्रैमासिक परीक्षा प्रणालीमा सुधार ल्याउन प्रअ तथा शिक्षकसँग अन्तरक्रिया गरी उत्तरपुस्तिका फिर्ता गर्ने र कमजोर विद्यार्थीलाई थप सहयोग उपलब्ध गराउने गरी ढाँचा तय गर्ने | शिक्षक ,विज्ञ सहितको कार्यशाला मार्फत | सिकाइमा सुधार | नगरपालिका , विद्यालय | नपा बजेट | परियोजनामा आधारित मूल्याङ्कन, विद्यार्थी कार्यसंचयिका व्यवस्थापन , सुधारात्मक शिक्षण |
| २७ | विद्यालयमा सक्षम प्रअको व्यवस्था गर्न ऐन नियम अनुसारै कार्यविधि बनाई कार्यान्वयन गर्ने र प्रअसँग वार्षिक कार्यसम्पादन सम्झौता गर्ने | कार्यविधि मार्फत | सक्षम प्रअ मार्फत विद्यालय सुधार | नगरपालिका, | X | प्रअ व्यवस्थापनका लागि खुला विज्ञापन र पदस्थापन |
| २८ | नगरपालिकाले विद्यालय खुल्ने , पठनपाठन हुने दिन सुनिश्चित गरी सो अनुसार हरेक विद्यालयले शिक्षण सिकाइको वार्षिक योजना तयार गर्ने | वार्षिक कार्यतालिका | सिकाइ सुधार र विद्यालय सञ्चालनमा सुधार | विद्यालय र प्रअ | X | शिक्षा शाखाबाट प्रकाशित वार्षिक शैक्षिक क्यालेन्डर |
| २९ | विद्यालयको व्यवस्थापकीय सक्षमता , प्रशासनिक व्यवस्था ,अभिलेख प्रणाली लगायतका पक्षको समग्र मूल्याङ्कन गर्न विद्यालयको कार्यसम्पादन परीक्षणको व्यवस्था | परीक्षण साधन विकास गरी वा अन्य निकायले विकास गरेका साधन | व्यवस्थापनमा सुधार | नगरपालिका | X | विद्यालयको प्रशासनिक र लेखा प्रणाली कम्प्युटराइज्ड पद्धतिमा विकास, मूल्यांकनलाई सिकाइसंग जोड्ने व्यवस्था |
| ३० | हरेक विद्यालयमा विभिन्न प्रकारका अतिरिक्त क्रियाकलाप गराउने तथा महिनाको अन्तिम शुक्रबार अनिवार्य | योजना बनाई कार्यान्वयन गर्ने | विद्यार्थीको सर्वाङ्गीण विकास | नगरपालिका र विद्यालय | विनियोजित बजेट | विद्यार्थीहरुको नगरस्तरीय, जिल्ला , प्रदेशस्तरिय खेलकुद कार्यक्रममा सहभागिता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | अतिरिक्त क्रियाकलाप र नपाले वार्षिक रुपमा सप्ताहव्यापी अतिरिक्त क्रियाकलापको आयोजना | | | | | |
| ३१ | शिक्षालाई पूर्णरुपमा निशुल्क गर्ने सम्मबन्धमा नगरपालिकाले आवश्यक पर्ने रकम प्रक्षेपण | बजेट विश्लेषण गरी | निशुल्क शिक्षा कार्यान्वयन | नगरपालिका | नपा बजेट | विद्यालयस्तरीय शिक्षा पूर्ण निशुल्क |
| ३२ | कक्षा ८ को नतिजा प्रकाशन प्रणालीमा पूर्णतया सुधार ल्याइ कक्षा ५ र कक्षा ८ का छानिएका विषयमा उपलब्धि परीक्षण | विज्ञ र शिक्षक सहितको छलफलबाट | सिकाइ सुधारको आधार तयार हुने | नगरपालिका , शिक्षा शाखा | विनियोजित बजेट | कक्षा८को नतिजा प्रकाशन पुर्णरुपमा IEMIS Based हुने तथा ग्रेडसिट र प्रमाणपत्र वितरणमा एकरुपता । गणित विज्ञान र अंग्रेजी विषयको उपलब्धी परिक्षण |
| ३३ | समावेशी शिक्षाको सुनिश्चितता (नगरपालिका क्षेत्रमा रहेका विद्यालय जान सक्ने अपाङ्गता भएका सबै बालबालिका अनिवार्य विद्यालमा भर्ना) | विद्यालयले तथ्याङ्क सङ्कलन गरी | सबैका लागि पहुँच सुनिश्चित हुने | विद्यालय | नपा र संघसंस्था | अपङ्गता भएको विद्यार्थी पहिचान गरि परिचय पत्र वितरणमा सहजीकरण र तथ्याङ्क अद्यावधिक |
| ३४ | अपाङ्गता भएका तर विद्यालयमा उपस्थित हुन नसक्ने बालबालिकाको तथ्याङ्क अध्यावधिक गर्ने र उनीहरुको उपयुक्त हेरचाह तथा पोषणको | तथ्याङक र अवस्था पहिचान गरेर | सुरक्षा र हेरचाह उपलब्ध हुने | विद्यालय र नगरपालिका | नपा र संघसंस्था | अपाङ्गमैत्री आवासिय विद्यालय व्यवस्थापन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सुनिश्चितता | | | | | |
| ३५ | अपाङ्गता भएका बालबालिकाको सङ्ख्या एकिन गर्ने तथा उनीहरुको आवश्यकता अनुसार आवासिय विद्यालयको व्यवस्था | नगरपालिकाको समग्र तथ्याङ्क सङ्कलन गरेर | सबैका लागि अवसर र पहुँच उपलब्ध हुने | नगरपालिका | नपा र संघसंस्था | अपाङ्गता भएका विद्यार्थीहरुको तथ्यांक अद्यावधिक र सम्बन्धित विद्यालयहरुलाई अपाङगमैत्री तर्फ विकास गराउने |
| ३६ | विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालय भर्नाको सुनिश्चितता | नगरपालिकाको समग्र तथ्याङ्क सङ्कलन गरेर | सुविधा विहिन तथा विपन्न बालबालिका शिक्षाको पहुँचमा पुग्ने | विद्यालय र नगरपालिका | नपा र संघसंस्था | विद्यालय बाहिर रहेका विद्यार्थीहरुको तथ्याङ्क अद्यावधिक, शैक्षिक क्षति कम हुने |
| ३७ | निरन्तर तथा आजीवन सिकाइका अवसर उपलब्ध गराउँन सामुदायिक सिकाइ केन्द्र सञ्चालन ,सुदृढीकरण र व्यवस्थापन | स्थापना भइसकेका साअके को सुदृढीकरण , विकास तथा परिचालन र आवश्यकता अनुसार नयाँ स्थापना गर्ने | स्थानीय स्तरमा युवा , किशोर किशोरी तथा प्रौढहरुका लागि सिकाइ अवसर उपलब्ध हुने। | नगरपालिका , स्थानीय बुद्धिजीवी तथा नागरिक समाज र संघसंस्थाहरु | नपा ,संघ संस्था | सामुदायिक अध्ययन केन्द्रमा निरन्तर शिक्षाका कार्यक्रम तथा अन्य प्रस्तावित कार्यक्रमहरु सञ्चालन |
| ३८ | छात्रवृत्ति तथा पोसाक वितरण निशुल्क स्टेशनरी | बजेट | विपन्न वर्गका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चतता | नगरपालिका , वडा र विद्यालय | विनियोजति बजेट | IEMIS को आधारमा छात्रा, दलित र सिमान्तकृत छात्रावृत्ति वितरण, विद्यार्थीहरुको विद्यालयमा निरन्तरता र सिकाइ उपलब्धीमा बृद्धी एवम् वैयक्तिक स्वास्थ्य सुदृढ |
| ३९ | विद्यालय स्वास्थ्य क्लिनिक | प्राथमिक स्वास्थ्य केन्द्रसँग समन्वय गरी गर्ने | विद्यार्थीको स्वास्थ्य अवस्था जानकारी गर्ने | विद्यालय र स्वास्थ्य केन्द्र | बजेट आवश्यक नहुने | विद्यालयमा नै अति आवश्यक प्राथमिक उपचार कक्ष व्यवस्थापन तथा सञ्चालन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | माध्यमिक तहमा सेनिटरी प्याडको व्यवस्थापन | बजेट तथा सहकार्य र समन्वय | छात्राहरूको उपस्थिति दर बढ्ने | विद्यालय र नगरपालिका | विभिन्न संघ संस्था तथा नगरपालिका अभिभावक साझेदारी | छात्रा विद्यार्थीहरुको उपस्थिति र कक्षा निरन्तरतामा बृद्धी |
| ४१ | पुस्तकालय कर्मचारीको व्यवस्थापन | विद्यालयका एक शिक्षक वा प्रशासनिक कर्मचारीलाई जिम्मेवारी दिने | पुस्तकालयको प्रयोग बढ्ने र पठन संस्कृति विकास | विद्यालय/नगरपालिका | X | पुस्तकालय व्यवस्थापन र विद्यार्थीहरुमा अध्ययन सीपको विकास |
| ४२ | शिक्षक दरबन्दी मिलान | यथार्थ विवरण तथा तथ्याङ्क सङ्कलन | शिक्षक व्यवस्थापन र वितरण | नगरपालिका | X | शिक्षक विद्यार्थी अनुपात कायम |
| ४३ | प्रधानाध्यापक कार्यसम्पादन करार/ शिक्षक कार्यसम्पादन करार | प्रअ कार्यविवरण तथा ऐन निमावली | विद्यालयमा सक्षम नेतृत्व व्यवस्थापन | नगरपालिका र विद्यालय | X | प्रशासनिक तथा शैक्षिक सुधार |
| ४४ | गुनासो पेटिकाको व्यवस्थापन | गुनासो पेटिका र गुनासो सुन्ने अधिकारी | गुनासो व्यवस्थापन | विद्यालय | X | विद्यार्थी अभिभावकहरुका माग र समस्याको सुनावाई |
| ४५ | नगर शिक्षा समितिको क्षमता विकास तथा अभिमुखीकरण | विज्ञमार्फत तालिम , कार्यशाला | क्षमता विकास हुने र विद्यालय अनुगमन मार्फत गुणस्तर सुधार | नगरपालिका | नियमित बजेटबाट | समितिका सदस्यहरुमा नेतृत्व संवाद र निर्णय गर्ने क्षेमताको विकास |
| ४६ | व्यवस्थापन समिति र शिअसका पदाधिकारी क्षमता विकास | विज्ञमार्फत तालिम , कार्यशाला | क्षमता विकास हुने र विद्यालय अनुगमन मार्फत गुणस्तर | विद्यालय र नगरपालिका | साझेदारी | सदस्याहरु विद्यालयका विद्यमान समस्या चुनौति र अवसरको खोजीमा सकृयता |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | सुधार | | | |
| ४७ | विद्यालयमा नियमित अभिभावक अन्तरक्रिया | | अभिभावकको चासो बढ्ने र सहभागिता | विद्यालय | X | अभिभावकहरुको विद्यालयप्रति अपनत्वको विकास |
| ४८ | शिक्षक ,प्रअ ,नगर शिक्षा समिति पदाधिकारी अवलोकन भ्रमण | अवलोकन भ्रमण | अन्य क्षेत्रका सिकाइ र राम्रा अभ्यासको जानकारी | नगरपालिका , विद्यालय , शिक्षक | साझेदारी | अन्य क्षेत्रका असल अभ्यासहरुको आफ्ना विद्यालयहरुमा प्रयोग |
| ४९ | पुस्तकालय घण्टीको व्यवस्था | कार्यतालिकामा परिवर्तन गरी कक्षा १ देखि ३ सम्मका विद्यार्थीलाई पुस्तकालय लैजाने | पढ्ने बानी विकास र पठन संस्कृति विकास | विद्यालय | X | विद्यार्थीहरुमा अध्ययन सामग्री खोजी र पढ्ने संस्कृतिको विकास |
| ५० | सबै सामुदायिक विद्यालयमा प्रारम्भिक कक्षा (१-३) पढाइ सीप कार्यक्रम अन्तरगत न्यूनतम प्याकेज तथा सिकाइ सामग्रीको व्यवस्थापन | शिक्षक, पढाइ कुनाको विकास | पढ्ने बानीको विकास, सिकाइ क्षमताको विकास | नगरपालिका , विद्यालय , शिक्षक | नपा र संघसंस्था साझेदारी | प्रारम्भिक कक्षा (१-३) पढाइ सीप कार्यक्रम अन्तरगत न्यूनतम प्याकेज तथा सिकाइ सामग्री उपलब्ध हुने |
| ५१ | पढाइ मेला | कक्षा १, २ र ३ कक्षाका विद्यार्थीका लागि पढाइ मेला | पढ्ने बानी विकास र पठन संस्कृति विकास | विद्यालय | X | विद्यार्थीहरुको पठन सिप र सिकाइ उपलब्धिमा वृद्धी |
| ५२ | अनिवार्य बालक्लव, इको क्लब गठन र परिचालन | बालबालिकाको सहभागितामा एक शिक्षक संयोजक तोक्ने | बालबालिकाको सहभागिता र सक्रियता | विद्यालय | X | बालबालिकाहरुमा व्यवहारकुशल सिपको विकास |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५३ | स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन तथा सन्दर्भ सामग्री विकास | शिक्षक ,प्रअ विज्ञ कार्यशाला र पाठ्यक्रम निर्माण समिति गठन | स्थानीय ज्ञान ,कला , संस्कृति , आवश्यकता सम्बोधन | नगरपालिका | विनियोजित बजेटबाट | पालिका भित्रका सबै विद्यालयहरुमा कक्षा ८ सम्म स्थानीय पाठ्यक्रमको प्रयोग डिजिटल सन्दर्भ सामग्रीको उचित प्रयोग |
| ५४ | स्थानीय शैक्षिक सामग्री निर्माण र प्रयोग | तहगत तथा विषयगत शिक्षक तालिम र कार्यशाला | शैक्षिक सामग्री निर्माण र प्रयोग | शिक्षा शाखा , विद्यालय | सहजकर्ता पारीश्रमिक | Low cost र No cost सामग्री निर्माण र विद्यालयका कक्षाकोठामा सामग्रीले सुसज्जित र सिकाइ उपलव्धीमा वृद्धि |
| ५५ | नगरस्तरीय वार्षिक परीक्षा ,एसइइ र कक्षा ११ ,१२ को नतिजा समिक्षा अन्तरक्रिया | तथ्याङ्क विश्लेषण , भेला ,छलफल र अन्तरक्रिया | सिकाइ अवस्था पहिचान भइ सिकाइमा सुधार हुने | शिक्षा शाखा , सरोकारवाला | विनियोजित बजेटबाट | सिकारुमैत्री शिक्षण विधिको प्रयोग, शिक्षण सिकाइमा TPACK मोडेलको प्रयोग |
| ५६ | सबै विद्यालयमा आचारसंहिता निर्माण र पालना | विद्यालयले सबैको सहभागितामा छलफल गरी निर्माण र कार्यान्वयन | विद्यालय सुशासन र व्यवस्थाप तथा समग्र सुधार | विद्यालय/नपा/सहयोगी संघसंस्था | X | विद्यालयमा शिक्षक विद्यार्थी आचारसंहिता निर्माण र अनुसरण |
| ५७ | विद्यालय विकास/सुधार योजना निर्माण र कार्यान्वयन | सरोकारवालाको सहभागितामा छलफल अन्तरक्रियाबाट | विद्यालयका समस्या पहिचान भई विद्यालय सुधारमा योगदान पुग्ने | विद्यालय | विद्यालयको नियमित बजेट | वास्तविक योजना निमार्ण र कार्यान्वयन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५८ | विद्यालय समुदाय सम्बन्ध विकास/सुधार | नियमित अन्तरक्रिया र अभिभावक भेटघाट , छलफल | अभिभावक संलग्नता बढ्ने/विद्यालय अपनत्व | विद्यालय/विव्यस /संघ संस्था | विनियोजित बजेट | त्रैमासिक शैक्षिक अन्तरकृया र छलफल संचालन |
| ५९ | सवै विद्यालयहरुमा STEAM Approach/ Pedagogy मार्फत सिकाइ कृयाकलाप योजना निर्माण र कार्यन्वयन | सवै विद्यालयहरुमा क्लष्टर मार्फत STEAM सम्वन्धि तालिम संचालन | प्रभावकारी सिकाइमा सहयोग | नपा र संघ संस्था | बजेट | प्रति वर्ष कम्तीमा २० ओटा विद्यालयहरुमा योजनाबद्ध सिकाइ र सिकाइ उपलब्धीमा वृद्धि |
| ६० | व्वस्थापन समिति तथा अभिभावक संघमा विद्यार्थी/बालक्लब प्रतिनिधि | वैठकमा सहभागिता | बालबालिकाको सहभागिता र अपनत्व वृद्धि | विद्यालय/विव्यस | X | बालवालिकारुका भावना र आवश्यकताहरुको विद्यालयमा सुनुवाइ |
| ६१ | विद्यालय शान्ति क्षेत्र | आचारसंहिता निर्माण गरी प्रतिबद्धता मार्फत | सुरक्षित र हिंसारहित विद्यालय | विद्यालय | X | विद्यालय शान्ति क्षेत्र घोषणा आचारसंहिता पालना |
| ६२ | कक्षागत सिकाइ मापदण्ड निधार्रण र हासिल | विषय र तहगत शिक्षकको कार्यशाला मार्फत पाठ्यक्रम विश्लेषण | सिकाइ उपलब्धिमा सुधार हुने | विषयगत शिक्षक र विद्यालय/नपा | कार्यशाला सञ्चालन खर्च | सिकाइको स्तरीयता राष्ट्रिय मापनसंग तुलना गरिने |
| ६३ | विज्ञान विषय पढ्न योग्य विद्यार्थी प्रतिशतमा वृद्धि | विद्यालय शिक्षण सिकाइ र अतिरिक्त कक्षा | गणित र विज्ञानको जिपिए बढ्ने | विषयगत शिक्षक र विद्यालय | | कक्षा ११ मा विज्ञान संकायमा विद्यार्थीहरुको संख्यामा वृद्धि |
| ६४ | शिक्षक नियमितता र time on task मा वृद्धि | नियमित अनुगमन , जिम्मेवारीवोध गराइ | सिकाइ उपलब्धिमा सुधार | शिक्षक/विद्यालय /नपा | X | विद्यार्थी लगबुकको प्रयोग उचितढंगबाट हुने । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६५ | अनिवार्य सामाजिक परीक्षण | विद्यालयको नियमित क्रियाकलापको रुपमा | जवाफदेहिता वृद्धि | विद्यालय | विद्यालयको नियमित कार्य | विद्यालयको सुशासन र जवाफदेहिता सुदृढ हुने |
| ६६ | लामो समय शिक्षक विदामा रहदा सट्टा शिक्षकको व्यवस्था | विद्यालय तथा नगरपालिकाले वैकल्पिक शिक्षक व्यवस्थापन गर्ने | शिक्षक अभवा नभइ पठनपाठनमा निरन्तरता | नपा र विद्यालय | विनियोजित बजेट | सट्टा शिक्षक कार्यविधी निर्माण, लागु एवम्  पठनपाठनमा निरन्तरता |
| ६७ | अनिवार्य विषयका शिक्षकहरुको सञ्जाल गठन | विषयगत शिक्षक भेला | विषयगत शिक्षणमा सुधार | नपा र शिक्षक | X | विषयगत शिक्षक भेला र अनलाइन अन्तर्कृया |
| ६८ | एक शिक्षक बहु विद्यालय अवधारणा | आवश्यकता अनुसार विद्यालयको समन्वयमा | दक्ष शिक्षक उपलब्धता र अभाव हट्ने | विद्यालय र नपा | प्रोत्साहन बजेट | कामको अनुगमन |
| ६९ | नियमित विद्यालय अनुगमन तथा निरीक्षण | नगर शिक्षा शाखा , जनप्रतिनिधि र शिक्षा सहजकर्ता | विद्यालयमा सिकाइ सुधार ,जवाफदेहिता , व्यवस्थापनमा सुधार | नपा | विनियोजित बजेट | विद्यालयको शिक्षण सिकाइ, सुधार र व्यवस्थापनमा अभिवृद्धि |
| ७० | शिक्षक सरुवा | नपाले आवश्यकता र अनुरोध बमोजिम | शिक्षक प्रेरणा र व्यवस्थापन | नपा र शिवितसइ | X | शिक्षक सन्तुष्टी, दरवन्दी मिलान |
| ७१ | विद्यालय बगैँचा, हरित विद्यालय, सफा र सुन्दर | | विद्यालयको प्रभावकारीता | विद्यालय | विव्यस नपा | विद्यालयको पर्यावरण मनमोहक |
| ७२ | शिक्षकको पेशागत विकासका लागि अनुसन्धान,  शोधपत्र र उच्च शिक्षाका लागि प्रोत्साहन तथा अवसर | समन्वय | शिक्षकको पेशागत दक्षतामा वृद्धि र शैक्षिक गुणस्तरियतामा अभिवृद्धी | विव्यस ,नगरपालिका | प्रोत्साहन तथा अध्ययन विदा , सट्टा शिक्षक व्यवस्थापन | शिक्षकको पेशागत क्षमतामा वृद्धि र सिकाई उपलब्धिमा सुधार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७३ | प्राविधिक धार तर्फ छात्रा विद्यार्थी संख्या अभिवृद्धिका लागि प्रोत्साहन कार्यक्रम | नपा | रोजगारी अवसरमा छात्राहरुको समान सहभागिता हुने तथा प्राविधिक धार तर्फ छात्राहरु आकर्षित हुने | विद्यालय , विव्यस र शिक्षक अभिभावक संघ | प्रोत्साहन तथा छात्रा छात्रावृति | छात्रा संख्यामा उल्लेखनीय वृद्धि |
| ७४ | प्राविधिक शिक्षा संचालित विद्यालयमा समुदाय लक्षित छोटो अवधिको सिपमूलक तालिम संचालन | नपा | विद्यार्थीहरुका अभिभावक तथा समुदायका व्यक्तिहरुमा प्राविधिक तथा व्यावसायिक सीपको अभिवृद्धि | विव्यस तथा नगरपालिका | सीप अभिवृद्धि तालिम संचालनार्थ वजेट व्यवस्थापन | अभिभावकहरुको आर्थिक अवस्थामा स्तरोन्नोति तथा विद्यालय उमेर समूहका बालश्रमिक उन्मुलन |
| ७५ | विद्यालयमा विद्यार्थी आय आर्जन कार्यक्रमका लागि आमा समुह गठन तथा वचत तथा उत्पादनमुलक कार्यक्रम संचालन | नपा संघ संस्था | बचत गर्ने वानी तथा उत्पादनमूलक कार्यमा सहभागिता अभिवृद्धि | विव्यस, नपा तथा संघ संस्था | विद्यालय वचत कार्यक्रम तथा सहकारी मोडलमा उत्पादनमुलक पेशा व्यावसायमा संलग्नता | विद्यार्थीमा वचत गर्ने बानी, अभिभावक- विद्यालय समधुर सम्वन्ध विकास |
| ७६ | संस्थागत र सामुदायिक विद्यालय साझेदारी कार्यक्रम | सामुदायिक तथा निजी विद्यालय | असल अभ्यास साटासाट र संस्थागत | विव्यस , नपा | विद्यालयको शैक्षिक तथा | संस्थागत-सामुदायिक सामुदायिक-सामुदायिक शिक्षक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | क्षमता अभिवृद्धि | | प्रशासनिक क्षमता विकास | विद्यार्थी अनुभव आदनप्रदान |
| ७७ | विषयगत ल्याव व्यवस्थापन | नपा र संघ संस्था | विद्यालय विषयगत ल्याव व्यवस्थापन तथा सिकाइ | प्रभावकारी शिक्षण सिकाइ | बजेट | सवै मा वि विद्यालयमा |
| ७८ | प्रअको नेतृत्व क्षमता विकास तथा अन्तर्देशिय अनुभव आदनप्रदान कार्यक्रम | अन्तर्राष्टिय संघ संस्था / नपा | प्रअको क्षमता विकास र विद्यालयको कुशल व्यवस्थापन | प्रभावकारी व्यवस्थापन | बजेट | नगरभित्रका ३० विद्यालयका प्रअहरु |
| | यी समग्र क्रियाकलापको कार्यान्वयन अवस्था र यसका लागि प्रोत्साहन तथा कार्यान्वयनमा सहभागी हुन विद्यालयमा मेयर र कक्षाकोठामा उपमेयर जस्ता कार्यक्रम तथा अभियानहरू सञ्चालन गरिनेछ। यसबाट समग्र विद्यालय सुधार, विद्यालयको प्रभावकारीता योजना तथा नीति कार्यान्वयनमा सहजता हुनेछ। | | | | | |

**खण्ड : चार**

**नीति तथा योजना कार्यान्वयन**

यस शिक्षा नीति तथा योजनाको कार्यान्वयनको प्रमुख जिम्मेवारी कमलामाई नगरपालिकाको हुनेछ । यति हुँदाहुँदै पनि समग्र शिक्षा नीतिको सफल कार्यान्वयनमा निम्न पक्षको निम्नानुसारको जिम्मेवारी र भूमिका रहने छ ।

**नगरपालिका**

१) नगर शिक्षा योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाउन आवश्यक बजेट तथा अन्य पूर्वाधारको व्यवस्था गर्ने ।

२) नगरपालिकाको शैक्षिक विकासको लागि सबै विद्यालयमा समान स्तरको भौतिक सुविधा र शिक्षकको व्यवस्थापन गर्ने ।

३) विद्यालयमा सक्षम र व्यवस्थापकीय सिप भएका प्रअको व्यवस्था गरी कार्यसम्पादन सम्झौता गरी सोको अनुगमन तथा कार्यान्वयन गराउने

४) प्रअ तथा शिक्षक सबैका लागि क्षमता विकास, पेसागत सुरक्षा, उत्प्रेरणाका व्यवस्थाको जवाफदेही प्रणाली विकास गराउने ।

५) विद्यालयको समग्र सिकाइ सुधारका लागि शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनका लागि विभिन्न तालिम तथा अन्तरक्रिया सञ्चालन गर्ने ।

६) सबै विद्यालयमा प्रविधिको न्यूनतम पूर्वाधार उपलब्ध तथा विकास गराई समान शैक्षिक अवसर र गुणस्तर कायम गराउने ।

७) विद्यालयको नियमित अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउने र समस्या समाधानका लागि पहल गर्ने ।

८) भौतिक सुविधा तथा अन्य पूर्वाधार विकासका लागि संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी स्रोत जुटाउने र परिचालन गर्ने ।

९) नगरपालिका क्षेत्रका विद्यालयको प्रभावकारी तथ्याङ्क व्यवस्थापन गर्ने ।

१०) विद्यालयहरूलाई स्थानीय स्रोत पहिचान र परिचालन गर्न प्रोत्साहित गर्दै स्रोतको पहिचान र परिचालनमा जोड दिने ।

११) नगरपालिकाबाट प्रवाह गरिने शैक्षिक सेवालाई प्रभावकारी र पारदर्शि बनाउने ।

**नगर शिक्षा समिति**

नगर शिक्षा समितिले समग्रमा योजना कार्यान्वयनको अनुगमन तथा निरीक्षण गर्नेछ । यसका साथै नगरपालिकाले तयार गरेको शिक्षा योजनाको कार्यान्वयनका लागि विद्यालयमा सहजीकरण गर्ने र नगरपालिका तथा नगर शिक्षा शाखामा आवश्यक सल्लाह सुझाव उपलब्ध गराई योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहजीकरण गर्नेछ । नगर शिक्षा समितिले योजना कार्यान्वयनको अनुगमन तथा कार्यान्वनयका लागि पहल गर्नुका साथै :

१) योजना कार्यान्वयनको अनुगमन गरी यथार्थ अवस्थाको जानकारी नगरपालिकामा दिने ।

२) योजना कार्यान्वयनको अनुगमन पश्चात योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउन सुझाव दिने ।
३) विद्यालयहरुको नियमित अनुगमन गरी विद्यालयका समस्या समाधान गर्न उपलब्ध गराउनुपर्ने स्रोत र सुविधाको लागि सिफारिस गर्ने ।
४) नगर शिक्षा सहजकर्ता र नगर शिक्षा शाखा मार्फत विद्यालयको नियमित अनुगमनको व्यवस्था मिलाउने ।
५) नगरपालिकाबाट प्रदान गरिने शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन नगर शिक्षा शाखालाई आवश्यक सल्लाह तथा निर्देशन दिने ।
६) विद्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउने र शैक्षिक सुशासन कायम गर्न जोड दिने ।
७) नगरपालिका क्षेत्रको शैक्षिकस्तर सुधारका लागि प्रभावकारी उपायहरु खोजी गर्ने तथा सुझाव दिने ।

**विद्यालय**

योजना नगरपालिका मार्फत तयार भएको भए पनि यसको मुख्य कार्यान्वयनस्थल विद्यालय हो र विद्यालय व्यवस्थापन समिति ,प्रधानाध्यापक र शिक्षकहरु यसका मुख्य कार्यान्वयनकर्ता हो । योजनाले समाविष्ट गरेका विषयहरुको प्रभावकारी कार्यान्वयन ,त्यसका समस्या तथा चुनौतिहरु पहिचान गरी समाधानका लागि पहल गर्ने र नगर शिक्षा समिति तथा नगरपालिकासँग समन्वय गर्ने काम मुख्यत :विद्यालयकै हो । यसका साथै :

१) योजनाको प्रभावकारी कार्यान्वयनका लागि तत्पर हुने र विद्यालयको कार्यक्षेत्रका विषयहरु कार्यान्वयन गर्ने ।
२) योजनाको कार्यान्वयनमा आउन सक्ने समस्या पहिचान गरी समाधानको प्रयास गर्ने र नगरपालिकामा प्रस्तुत गर्ने ।
३) नगरपालिका तथा नगर शिक्षा समितिमा योजना कार्यान्वयन र समग्र विद्यालयको अवस्थाको निरन्तर प्रतिवेदन पेस गर्ने ।
४) नगर शिक्षा शाखा मार्फत विद्यालयमा आवश्यक पर्ने स्रोत साधन माग गर्ने, परिचालन गर्ने र स्रोत जुटाउने ।
५) स्थानीय स्रोत साधनको पहिचान र परिचालन गर्ने ।
६) अभिभावकसँग निरन्नतर अन्तरक्रिया तथा सहकार्य गर्ने ।
७) व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको सहयोग लिइ योजना कार्यान्वयन तथा शैक्षिक सुधारमा लाग्ने ।

**सहयोगी/साझेदरा संघ–संस्थाहरू**

- स्थानीय सरकारले निर्माण गरेको नीति तथा कार्यक्रम भित्र रही शिक्षामा आवश्यक सहयोग गर्ने

- स्थानीय सरकारसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- सरोकारवालाको आवश्यकता पहिचानमा सहयोग गर्ने ।

**संस्थागत व्यवस्थाः**

यस शिक्षा नीति तथा योजनाको कार्यान्वयनको लागि नगर शिक्षा योजना निर्माण गरी योजनाबद्धरुपमा कार्यान्वयनमा ल्याइने संरचना तयार गरिने छ । शिक्षा शाखा, शिक्षा सहजकर्ता, नगर शिक्षा समिति, कक्षा कोठामा उपमेयर, विद्यालयमा मेयर लगायतका योजनाहरु मार्फत पनि नीति कार्यान्वयनमा जोड दिइने छ । समग्र संस्थागत व्यवस्थालाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**आर्थिक पक्षः**

यस नीति तथा योजनाको कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय तहको बजेटलाई समन्वयात्मक ढंगले परिचालन गर्ने नीति अवलम्बन गरिने छ । शिक्षा क्षेत्रको बजेटलाई आवश्यकताको आधारमा बढोत्तरी गर्दै लाने रणनीति अबलम्बन गरिने छ । विभिन्न सहयोगी सरकारी, गैरसरकारी साझेदार संघ, संस्थासंगको सहकार्यमा शिक्षा क्षेत्रको आर्थिक पक्षलाई सुदृढ बनाइने छ । शिक्षा नीति कार्यान्वयनका लागि समुचित बजेट विनियोजन गर्ने कुरामा विशेष ध्यान दिइने छ ।

**कानुनी पक्षः**

कमलामाई नगरपालिको शिक्षा नीति तथा योजनाको कार्यान्वयनको लागि आवश्यक पर्ने आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरु तयार गरिने छ । संघीय शिक्षा ऐन नबनिसकेको सन्दर्भमा राष्टिय शिक्षा नीति २०७६ को भावना अनुरुप यस नीतिलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिने छ । नीति कार्यान्यवनमा अवरोध गर्ने स्थानीय कानुनहरुको प्रतिस्थापन गर्दै आवश्यकता अनुसारको कानुन निर्माण गरिनेछ ।

**अनुगमन तथा मूल्याङ्कनः**

कमलामाई नगरपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, नगर शिक्षा फोकल पर्सन, नगर कार्यपालिका, नगर शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्यांकनको संयन्त्र तयार गरिने छ । यसका साथैनगरपालिका अन्तर्गतका विद्यालयहरुमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिनेछ । नगर शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान ,तिनीहरूको प्राथमिकीकरण ,विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण ,विभिन्न वाह्य परीक्षण सञ्चालन ,विभिन्न तालिम ,कार्यशाला सञ्चालन लगायतका कामका लागि नगरपालिकाको शिक्षा शाखा ,नगर शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन् ।

विद्यालयको आन्तरिक स्रोत पहिचान र परीचालन ,विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण ,शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुऱ्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ । नगरपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ । शिक्षा सहजकर्ताहरू विद्यालयमा आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन् । शिक्षक र विद्यालयको साथी बन्नेछन् ।

नगरपालिका अन्तर्गतका विद्यालयहरुमा नगरपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिनेछ । नगर शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान ,तिनीहरूको प्राथमिकीकरण ,विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण ,विभिन्न वाह्य परीक्षण सञ्चालन ,विभिन्न तालिम ,कार्यशाला सञ्चालन लगायतका कामका लागि नगरपालिकाको शिक्षा शाखा,  नगर शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन् ।

विद्यालयको आन्तरिक स्रोत पहिचान र परीचालन ,विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण ,शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुऱ्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ । नगरपालिकाले शिक्षा सहजकर्ताको व्यवस्था मिलाउनेछ । शिक्षा सहजकर्ताहरू विद्यालयमा आवश्यक कुनै पनि क्षमता विकासका क्रियाकलाप सञ्चालन तथा संयोजन गर्नेछन् । शिक्षक र विद्यालयको साथी बन्नेछन् ।

१) शिक्षा सहजकर्ताले प्रत्येक २ महिनामा हरेक विद्यालयको अनुगमन गर्नेछन् ।
२) विद्यालयका समस्याहरु समाधानका लागि संयुक्त प्रयास गरी समस्या समाधानमा कसको के भूमिका हुने पहिचान गरी नगरपालिकामा समष्टिगत प्रतिवेदन हरेक २ महिनामा पेस गरी छलफल तथा अन्तरक्रिया गर्नेछन् ।
३) प्रत्येक ३ महिनामा नगरपालिकाले योजनाको कार्यान्वयन अवस्था, समस्या र भावि क्रियाकलापका सम्बन्धमा छलफल गर्न विव्यस अध्यक्ष, प्रअ सहितको सहभागितामा समिक्षा गर्नेछ ।
४) शिक्षा सहजकर्ताहरूले शिक्षक, प्रअ तथा व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अन्य शिक्षाका प्राविधिक कामहरू गर्नेछन् ।

**जोखिम र जोखिम व्यवस्थापनः**

यो नीति तथा योजना कार्यन्वयनको सम्बन्धमा आइपर्ने सम्भाविच जोखिमको वस्तुगत आँकलन गरि निराकरणका उपाहरु खोजिनेछ । यस नगर शिक्षा नीति कार्यन्वयनका जोखिमहरु र जोखिम व्यवस्थापनका उपायहरु तल उल्लेखित तालिकामा समावेश गरिएकोछ।

| जोखिम | जोखिम व्यवस्थापन |
|---|---|
| यो नीति तथा योजना कार्यन्वयन गर्न प्रयाप्त बजेटको आवश्यकता पर्ने हुँदा बजेट व्यवस्थापनमा कठिनाइ हुने देखिन्छ । | नगर सभा तथा अन्य सरोकारहरुसंग सार्थक छलफल गरि आवश्यक बजेट व्यवस्थापन गरिनेछ। |
| संघ, प्रदेश र स्थानीय तह विचको कानुनी जटिलताले नीति कार्यान्वयनमा समस्या उत्पन्न हुन सक्ने | उत्पन्न विवाद तथा समस्या न्यूनिकरण गर्न आवश्यक परामर्श र कानुनी सहायताको उपयोग गरिनेछ । |
| पूर्वाधार विकासमा आर्थिक अभाव हुन सक्ने | बजेट व्यवस्थापनको लागि सहकार्य तथा समन्वय र साझेदारी कार्यक्रम संचालन गरिने छ । |
| शिक्षासँग सरोकार राख्ने विभिन्न संगठन तथा | शिक्षक महासंघ, संघ, संगठनको  प्रतिनिधित्व |

| | |
|---|---|
| सघको आ-आफ्नो दृष्टिकोण | तथा सहभागितामा शिक्षा नीति निर्माण तथा कार्यान्वयनमा जोड दिइनेछ। |
| प्रारम्भिक बालविकासलाई निर्दिष्ट मापदण्ड अनुसार व्यवस्थापन गर्न बजेट र प्राविधिक ज्ञानको अभाव हुन सक्ने | बजेट र प्राविधिक ज्ञान व्यवस्थापन गर्न विद्यालय, संघ-संस्थाहरुसंग हातेमालो गर्ने |
| सूचना तथा संचार प्रविधिको पहुँच विस्तारमा आर्थिक तथा व्यवस्थापकीय समस्या हुनसक्ने | अवसर र सम्भावनाहरुको खोजी गर्दै सूचना प्रविधी पूर्वधार विकासका लागि आर्थिक तथा अन्य आवश्यक पक्षहरुको व्यवस्थापन मिलाउने विकल्पहरु खोजी गरिनेछ। |

**नीति परिमार्जन सम्बन्धी व्यवस्थाः**

यो शिक्षा नीति तथा योजना गतिशील दस्तावेज भएकोले समय र सन्दर्भले आवश्यक मानेको अवस्थामा नगर सभाले परिवर्तन, परिमार्जन गर्न सक्ने छ। नीति परिमार्जन सम्बन्धी अन्य व्यवस्था प्रचलित नियमानुसार हुनेछ।

**सन्दर्भ सामग्री**

१ राष्ट्रिय शिक्षा नीति २०७६

२ स्थानीय सरकार संचालन एन २०७४

३. पन्ध्रौ योजना २०७६।७७

४ वृहत विद्यालय सुरक्षा कार्यन्वयन कार्यविधि २०७५

५ अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी एन २०७५

६ नेपालको संविधान २०७२

७ विद्यालय क्षेत्र विकास योजना २०१६-२०२२

अनुसुची १